आज मितिः२०८०।०९।२५ गते बुधबारका दिन नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा बसेको बाणगङ्गा नगरपालिकाको चौधौं नगरसभाको बैठकमा कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | बाणगङ्गा न.पा. | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | बाणगङ्गा न.पा. | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | वडा नं. १ | |
| ४ | लक्ष्मी बहादुर खत्री | सदस्य | वडा नं. १ | |
| ५ | राजकुमार थारु | सदस्य | वडा नं. १ | |
| ६ | टोपकला बि.सी. | महिला सदस्य | वडा नं. १ | |
| ७ | सिता सुनार | दलित महिला सदस्य | वडा नं. १ | |
| ८ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | वडा नं. २ | |
| ९ | प्रेम बहादुर रौतार थारु | सदस्य | वडा नं. २ | |
| १० | झिमलाल सापकोटा | सदस्य | वडा नं. २ | |
| ११ | शान्ता पाण्डे | महिला सदस्य | वडा नं. २ | |
| १२ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | वडा नं. ३ | |
| १३ | सोमनाथ राना | सदस्य | वडा नं. ३ | |
| १४ | चन्द्रावती चौधरी थारु | महिला सदस्य | वडा नं. ३ | |
| १५ | गंगा देवी सुनार | दलित महिला सदस्य | वडा नं. ३ | |
| १६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | वडा नं. ४ | |
| १७ | चिन्कु थारु | सदस्य | वडा नं. ४ | |
| १८ | नन्द किशोर थारु | सदस्य | वडा नं. ४ | |
| १९ | चन्द्रवति थारु | महिला सदस्य | वडा नं. ४ | |
| २० | कुमारी पवित्रा सार्कि | दलित महिला सदस्य | वडा नं. ४ | |
| २१ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | वडा नं. ५ | |
| २२ | ज्ञान बहादुर कार्की | सदस्य | वडा नं. ५ | |
| २३ | बुध्दु थारु | सदस्य | वडा नं. ५ | |
| २४ | नैन कुमारी थारु | महिला सदस्य | वडा नं. ५ | नैन कुमारी |
| २५ | मिना दर्जी | दलित महिला सदस्य | वडा नं. ५ | |

| | | | | |
|---|---|---|---|---|
| २६ | करुण टण्डन | वडाध्यक्ष | वडा नं. ६ | |
| २७ | गुरु प्रसाद थारु | सदस्य | वडा नं. ६ | |
| २८ | यम बहादुर प्युठानी | सदस्य | वडा नं. ६ | |
| २९ | पसपतिया चौधरी | महिला सदस्य | वडा नं. ६ | |
| ३० | तारा दुतराज | दलित महिला सदस्य | वडा नं. ६ | |
| ३१ | विष्णु गिरी | वडाध्यक्ष | वडा नं. ७ | |
| ३२ | हरीशंकर पौडेल | सदस्य | वडा नं. ७ | |
| ३३ | मुम बहादुर पाण्डे | सदस्य | वडा नं. ७ | |
| ३४ | सावित्रा थारु | महिला सदस्य | वडा नं. ७ | |
| ३५ | पार्वती सुनार | दलित महिला सदस्य | वडा नं. ७ | |
| ३६ | बाबुराम अर्याल | वडाध्यक्ष | वडा नं. ८ | |
| ३७ | विश्वास जि.सी. | सदस्य | वडा नं. ८ | |
| ३८ | शैलेन्द्र बेल्वासे | सदस्य | वडा नं. ८ | |
| ३९ | जुनादेवी थारु | महिला सदस्य | वडा नं. ८ | |
| ४० | शारदा परियार | दलित महिला सदस्य | वडा नं. ८ | |
| ४१ | कमल पौडेल | वडाध्यक्ष | वडा नं. ९ | |
| ४२ | चुरामणि अर्याल | सदस्य | वडा नं. ९ | |
| ४३ | नुमलाल चौधरी | सदस्य | वडा नं. ९ | |
| ४४ | केशरा गुरुङ | महिला सदस्य | वडा नं. ९ | |
| ४५ | गिता कुमारी सुनार | दलित महिला सदस्य | वडा नं. ९ | |
| ४६ | यम प्रसाद पोखेल | वडाध्यक्ष | वडा नं. १० | |
| ४७ | रुपनारायण थारु | सदस्य | वडा नं. १० | |
| ४८ | राम शंकर थारु | सदस्य | वडा नं. १० | |
| ४९ | सर्मिला चमार | दलित महिला सदस्य | वडा नं. १० | |
| ५० | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | वडा नं. ११ | |
| ५१ | जगनारायण थारु | सदस्य | वडा नं. ११ | |
| ५२ | बाजबुल लैन | सदस्य | वडा नं. ११ | |
| ५३ | इमकला खत्री क्षेत्री | महिला सदस्य | वडा नं. ११ | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | सावित्री बि.क. | दलित महिला सदस्य | वडा नं. ११ | |
| ५५ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | वडा नं. ३ | |
| ५६ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | वडा नं. ७ | |
| ५७ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | वडा नं. ५ | |
| ५८ | भक्तिराम मरासिनी | सचिव | नगरपालिकाको कार्यालय | |

# बाणगङ्गा नगरपालिका
## १४ औं नगरसभा २०८०।०९।२५ का निर्णयहरु

**प्रस्ताव नं. १ १४औं नगरसभाको प्रथम बैठकको कार्यसूची र कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १** १४औं नगरसभा २०८०।०९।२५ को कार्यसूची र सञ्चालन भएको कार्यक्रम अनुसूची-१ बमोजिम अभिलेख राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ अर्धवार्षिक प्रगति प्रतिवेदन स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. २** नगर प्रमुख श्री चक्रपाणी अर्यालद्वारा यस नगरपालिकाको १४औं नगरसभामा प्रस्तुत चालु आ.व. २०८०।०८१ अर्धवार्षिक प्रगति प्रतिवेदन सर्वसम्मत स्वीकृत गर्ने र अनुसूची-२ बमोजिम अभिलेख गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ आर्थिक ऐन संसोधन सम्बन्धमा,**

**निर्णय नं. ३** राजस्व परामर्श समितिका संयोजक नगर उपप्रमुख श्री रिता कुमारी चौधरीद्वारा प्रस्तुत चालु आ.व.२०८०।०८१ का दररेटहरु संसोधन तथा थप सम्बन्धि निम्नानुसारको विवरण र दररेट सहित आर्थिक ऐन, २०८० संसोधन गर्ने निर्णय गरियो ।

अनुसूची ५ अटो रिक्सा, ई-रिक्सा तथा ठेला गाडाको दर्ता र नविकरण दस्तुर

| सवारी दर्ता तथा नविकरण | दर्ता | संशोधन गर्नुपर्ने दर्ता | नविकरण दर | संशोधन गर्नुपर्ने नविरकण दर |
|---|---|---|---|---|
| अटो रिक्सा | २०००।- | ४०००।- | ७००।- | २०००।- |
| ई- रिक्सा | १०००।- | ३०००।- | ५००।- | १५००।- |
| ठेला गाडा | ५००।- | ५००।- | १००।- | २५०।- |

अनुसूची १६ प्राकृतिक स्रोत संकलन र विक्री शुल्कमा निम्नानुसारको संशोधन प्रस्ताव पेश गर्दछु ।

| विषय/शिर्षक | एकाई | २०८० को दर रु. | संशोधन गर्नुपर्ने दर रु. | कैफियत |
|---|---|---|---|---|
| ढुङ्गा, गिट्टी बालुवा चुनढुङ्गा ग्राभेल खरीढुङ्गा स्लेट आदी । | प्रति क्यू. फिट | ८।- | १०।- | |

**प्रस्ताव नं. ४ विनियोजन ऐन संसोधन सम्बन्धमा,**

**निर्णय नं. ४** यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८०।०८१ को खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विनियोजन ऐन, २०८० मा विनियोजित कूल बजेट रु.१,२३,१३,३५,४३३।– रकम मध्ये केही शिर्षकहरुमा संसोधन आवश्यकता भएका योजनाहरुलाई अनुसूची-३(क) बमोजिम बजेट रकम रु.४,८९,८७,०००।– को संसोधन र यसै चालु आ.व.२०८०।०८१ भित्रै सम्पन्न गर्न अत्यावश्यक अनुसूची-३(ख) बमोजिम बजेट रकम रु.४,०२,५०,०००।– का योजनाहरु थप गरी कूल वार्षिक वजेट रु.१,२७,१५,८५,४३३।- कायम हुने गरी विनियोजन ऐन संसोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५** **विधेयकहरु स्वीकृत गर्ने सम्बन्धमा,**

**निर्णय नं. ५** विभिन्न सरोकारवालाहरुसंग दफावार छलफल गरी यस नगरपालिकाको विधायन समिति हुँदै कार्यपालिका मार्फत सिफारिस भई आएका विधानय समितिका संयोजक श्री बाबुराम अर्याल मार्फत यस नगरसभामा पेश भएका निम्न विधेयकहरु ऐनको रुपमा कार्यान्वयन हुन सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | विधेयक |
|---|---|
| १ | वन विधेयक, २०८० |
| २ | बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८० |

**प्रस्ताव नं. ६** **खानेपानी ऐन, २०७९ संसोधन सम्बन्धमा,**

**निर्णय नं. ६** खानेपानी उपभोक्ता समितिहरुको दर्ता, संचालन, नियमन र व्यवस्थापन गर्नको लागि खानेपानी नियमावली आवश्यकता हुने भएकोले उक्त खानेपानी ऐन, २०७९ मा देखिएका केही कमिकमजोरीहरुलाई थपघट गर्दै १४औं नगरसभामा सिफारिस भई यस नगरसभामा विधायन समितिका संयोजक श्री बाबुराम अर्यालद्वारा प्रस्तुत भएको ऐनमा अनुसूची-४ बमोजिमको तीन महले विवरण बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७** **समसामयिक तथा सार्वजनिक महत्वका विषय सम्बन्धमा,**

**निर्णय नं. ७** नगर प्रवक्ता बिष्णु पौडेलद्वारा प्रस्तुत बाणगङ्गा नगरपालिकाको समसामयिक तथा सार्वजनिक महत्वका विषयहरु आगामी नीति तथा कार्यक्रममा समावेस गर्ने गरी अनुसूची-५ बमोजिम अभिलेख राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८** **सभाको शुन्यान्तर समयमा बिभिन्न सदस्यहरुले राखेका भनाईहरु सम्बन्धमा,**

**निर्णय नं. ८** १४औं नगरसभाको शुन्यान्तर समयमा सभा सदस्यहरुले राखेका भनाईहरुलाई अनुसूची-६ बमोजिम अभिलेख गरि राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९** **नगरसभामा खटिने कर्मचारीको सुविधा सम्बन्धमा,**

**निर्णय नं. ९** १४औं नगरसभाको तयारीको लागि करीब १५ दिन भन्दा बढी समयसम्म विहान बेलुका साँझ र रातिसम्म खटिई विभिन्न नयाँ विधेयकहरु तयारी, संसोधन गर्नुपर्ने ऐनहरुको तयारी, प्रतिवेदनहरु तयारी, संसोधन गर्नुपर्ने योजनाहरु, नयाँ प्रस्तावित योजना लगायतको कार्यमा अतिरिक्त समय खटिनुपर्ने भएकोले नगरप्रमुख, उपप्रमुख, कार्यालय प्रमुख, पूर्वाधार प्रमुख, शहरी विकास प्रमुख, योजना प्रमुख, शिक्षा शाखा प्रमुख, आ.ले.प. अधिकृत, राजस्व अधिकृत र प्रशासन तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरुलाई खाईपाई आएको पारिश्रमिकको हिसावले १५ दिन बराबरको साँझ विहान खाजा नास्ता वापतको खाजा भत्ता सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०  म्याद समाप्त भएका "घ" वर्गको निर्माण ईजाजत पत्र सम्बन्धमा,**

**निर्णय नं. १०** सार्वजनिक निर्माण सम्बन्धी कार्य गर्नका लागि ईजाजत पत्र दर्ता तथा नविकरण गर्ने कार्यविधि, २०७५ बमोजिम तोकिएको म्यादभित्र नविकरण हुन नसकेका तर घरेलु तथा साना उद्योग कार्यालय र आन्तरीक राजस्व कार्यालयमा अद्यावधिक भएका ईजाजत पत्रहरुलाई कार्यविधिको अनुसूची-२ (२.४) अनुसार नविकरण नभएको अवधीको प्रतिवर्षका दरले जरिवाना असुल गरी एक पटकको लागि नविकरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११  तालिम सहभागीको सुविधा सम्बन्धमा।**

**निर्णय नं. ११** यस नगरपालिकाको आ.व.२०८०।०८१ को वार्षिक बजेट किताबको पाना नं. ४७ मा रहेको तालिम तथा कार्यक्रम संचालन नम्स अन्तर्गत सि.नं. ६ र ७ मा दररेट छुट हुन गएकोले अघिल्लो आर्थिक वर्षमा रहेको दररेट अनुसार हुने गरी निम्मनानुसार समावेस गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | खर्च शिर्षक | ईकाई | दर |
|---|---|---|---|
| ६ | सहभागी यातायात खर्च (वडाको कार्यक्रममा सहभागी हुने स्थानीय व्यक्तिको लागि) | प्रति व्यक्ति, प्रति दिन | ३००।- |
| ७ | सहभागी यातायात खर्च (नगर तर्फको कार्यक्रम) | प्रति व्यक्ति, प्रति दिन | ५००।- |

अनुसूची-१

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## १४औं नगरसभा

**नगरसभाको कार्यसूची र समय तालिका**

सभा संख्या: १४ | सभा संचालन स्थान: नगरपालिकाको सभाहल

अध्यक्षता: श्री चक्रपाणी अर्याल | मिति:२०८०।०९।२५

| मिति | बैठक बस्ने समय | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०९।२५ | | राष्ट्रिय गान (धुन) | | |
| | ११:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| ,, ,, | ११:०५ | कार्यक्रम शुरु भएको घोषणा, सम्बोधन , शहिदहरु प्रति १ मीनेट मौनधारणा | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ११:१० | प्रगति विवरण प्रस्तुत | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | १२:०० | आर्थिक ऐन | उप प्रमुख श्री रिता कुमारी चौधरी | |
| | १२:१० | विनियोजन ऐन | उप प्रमुख श्री रिता कुमारी चौधरी | |
| | ०१:०० | चालु आर्थिक वर्ष २०८०।०८१ का योजना तथा कार्यक्रम संसोधन र अत्यावश्यक योजनाहरुको बजेट विनियोजन | उप प्रमुख श्री रिता कुमारी चौधरी | |
| ,, ,, | १२:४५ | १. वन विधेयक, २०८० <br> २. बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८० <br> ३. खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७८ संसोधन प्रस्ताव | विधेयक समितिका संयोजक बाबुराम अर्याल | |
| | ०१:२० | समसामयिक तथा सार्वजनिक महत्वका विषयहरु प्रस्तुत | नगर प्रवक्ता | |
| | १:५० | नगरसभाबाट निर्णय गर्नुपर्ने विविध प्रस्तावहरु | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०२:२० | शुन्य समय प्रारम्भ | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०२:४५ | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्न | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०३:१० | नगर सभा समापन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |

**छलफलको समय तालिका**

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

उपाध्यक्ष ज्यू

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु**
**सचिव ज्यू र राष्ट्रसेवक कर्मचारीहरु**

✓ म आजको यस १४औं नगर सभा शुरुवात भएको जानकारी गराउन चाहान्छु।

विभिन्न कालखण्डामा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरु प्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको संझनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु।

मौन धारणको लागि समय शुरु हुन्छ ................................

धन्यवाद !

यस नगरसभामा चालु आर्थिक वर्ष २०८०।०८१ को हालसम्मको अवधिमा भएको क्षेत्रगत प्रगति प्रतिवेदन पेश गर्न चाहान्छु।

******

<u>नगरसभा सदस्यज्यूहरुः-</u>

राजस्व परामर्श समितिबाट छलफल भई दररेटको संसोधनको लागि सिफारिस भई आएका राजस्वका शिर्षकहरुलाई थप घट गर्दा **<u>आर्थिक ऐनमा हुने परिवर्तन सहितको संसोधन प्रस्ताव</u>** टेवुल गरिदिनुहुन नगर उपप्रमुख श्री रिता कुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु।

******

प्रस्तुत गर्नुभएको धन्यवाद।

अव म उक्त प्रस्ताव सम्बन्धमा बोल्न चाहने सभा सदस्यज्यूहरुलाई ३ मिनेट समय दिन चाहान्छु।

**३ मिनेट**

नगर उपप्रमुख रिता कुमारी चौधरीद्वारा यस नगरसभामा प्रस्तुत भएको चालु आर्थिक वर्ष २०८०।०८१ को **<u>आर्थिक ऐनमा भएको संसोधन प्रस्ताव</u>** स्वीकृत गर्न यस नगरसभामा पेश

गर्दछु । प्रस्तुत प्रस्ताव स्वीकृत गर्न स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यज्युले हुन्छ भन्नुहोला, मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोला र हुन्न भन्ने सभा सदस्यहरुले हुन्न भन्नुहोला ।

अब म निर्णयार्थ पेश गर्दछु

स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यले हुन्छ भन्नुहोस.....

मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोस् ...

हुन्न भन्ने सभा सदस्यले हुन्न भन्नुहोस.....

यसरी हेर्दा सर्व सम्मत भएको हुँदा <u>आर्थिक ऐनमा भएको संसोधन प्रस्ताव</u> स्वीकृत भएको घोषणा गर्दछु ।

****

चालु आर्थिक वर्षको विच अवधीसम्म आउँदै गर्दा आर्थिक वर्ष २०८०।०८१ को लागि विनियोजन गरिएका कतिपय योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुन नसक्ने तथा संसोधन गर्नुपर्ने बाञ्छनिय हुने भएकोले संसोधनका विषयहरु र यसै चालु आर्थिक वर्षमा नगरी नहुने कतिपय योजना तथा कार्यक्रम सञ्चालन गर्दा **विनियोजन ऐनमा हुने संसोधन प्रस्ताव** टेवुल गरिदिनुहुन नगर उपप्रमुखज्यूलाई अनुरोध गर्दछु ।

****

प्रस्तुत गर्नुभएको धन्यवाद ।

अव म उक्त प्रस्ताव सम्बन्धमा बोल्न चाहने सभा सदस्यज्यूहरुलाई ३ मिनेट समय दिन चाहान्छु ।

**३ मिनेट**

नगर उपप्रमुख रिता कुमारी चौधरीद्वारा यस नगरसभामा प्रस्तुत भएको चालु आर्थिक वर्ष २०८०।०८१ को **<u>विनियोजन ऐनमा भएको संसोधन प्रस्ताव</u>** स्वीकृत गर्न यस नगरसभामा पेश गर्दछु । प्रस्तुत प्रस्ताव स्वीकृत गर्न स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यज्युले हुन्छ भन्नुहोला, मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोला र हुन्न भन्ने सभा सदस्यहरुले हुन्न भन्नुहोला ।

अव म निर्णयार्थ पेश गर्दछु

स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यले हुन्छ भन्नुहोस.....

मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोस् ...

हुन्न भन्ने सभा सदस्यले हुन्न भन्नुहोस.....

यसरी हेर्दा सर्व सम्मत भएको हुँदा विनियोजन ऐनमा भएको संसोधन प्रस्ताव स्वीकृत भएको घोषणा गर्दछु।

*******

**आजको यस गरिमामय १४औं नगर सभामा २ वटा विधेयक पास गर्नुपर्ने र एउटा ऐन संसोधन गर्नुपर्ने गरी कार्यपालिकाबाट सिफारिस भई आएका विधेयक निम्न बमोजिम रहेका छन्।**

| |
|---|
| १. वन विधेयक, २०८० |
| २. बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८० |
| ३. खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७८ संसोधन प्रस्ताव |

सर्वप्रथम वन विधेयक, २०८० टेबुल गरिदिनुहुन विधायन समितिका संयोजक श्री बाबुराम अर्याललाई अनुरोध गर्दछु।

*********

प्रस्तुत गर्नुभएको धन्यवाद।

अव म उक्त प्रस्ताव सम्बन्धमा बोल्न चाहने सभा सदस्यज्यूहरुलाई ३ मिनेट समय दिन चाहान्छु।

**३ मिनेट**

विधायन समितिका संयोजक श्री बाबुराम अर्यालद्वारा यस नगरसभामा प्रस्तुत भएको वन विधेयक, २०८० स्वीकृत गर्न यस नगरसभामा पेश गर्दछु। प्रस्तुत प्रस्ताव स्वीकृत गर्न स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यज्युले हुन्छ भन्नुहोला, मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोला र हुन्न भन्ने सभा सदस्यहरुले हुन्न भन्नुहोला।

अव म निर्णयार्थ पेश गर्दछु

स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यले हुन्छ भन्नुहोस.....

मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोस् ...

हुन्न भन्ने सभा सदस्यले हुन्न भन्नुहोस.....

यसरी हेर्दा सर्व सम्मत भएको हुँदा वन विधेयक, २०८० स्वीकृत भएको घोषणा गर्दछु।

********

यस पछि <u>बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८०</u> प्रस्तुत गरिदिनुहुन अनुरोध गर्दछु ।

********

प्रस्तुत गर्नुभएको धन्यवाद ।

अव म उक्त प्रस्ताव सम्बन्धमा बोल्न चाहने सभा सदस्यज्यूहरुलाई ३ मिनेट समय दिन चाहान्छु ।

**३ मिनेट**

यस नगरसभामा भर्खर पेश भएको **बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८०** स्वीकृत गर्न यस नगरसभामा पेश गर्दछु । प्रस्तुत प्रस्ताव स्वीकृत गर्न स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यज्युले हुन्छ भन्नुहोला, मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोला र हुन्न भन्ने सभा सदस्यहरुले हुन्न भन्नुहोला ।

अव म निर्णयार्थ पेश गर्दछु

स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यले हुन्छ भन्नुहोस.....

मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोस् ...

हुन्न भन्ने सभा सदस्यले हुन्न भन्नुहोस.....

यसरी हेर्दा सर्व सम्मत भएको हुँदा <u>बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८०</u> स्वीकृत भएको घोषणा गर्दछु

*******

यस पछि बाणगङ्गा नगरपालिकाको <u>खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०७८</u> संसोधनको लागि संसोधन गर्नुपर्ने दफाहरु सहित प्रस्तुत गरिदिनुहुन अनुरोध गर्दछु ।

*******

प्रस्तुत गर्नुभएको धन्यवाद ।

अव म उक्त प्रस्ताव सम्बन्धमा बोल्न चाहने सभा सदस्यज्यूहरुलाई ३ मिनेट समय दिन चाहान्छु ।

**३ मिनेट**

यस नगरसभामा भर्खर प्रस्तुत भएको <u>**खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०७८**</u> मा हुनुपर्ने संसोधन प्रस्ताव स्वीकृत गर्न यस नगरसभामा पेश गर्दछु । प्रस्तुत प्रस्ताव स्वीकृत गर्न स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यज्युले हुन्छ भन्नुहोला, मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोला र हुन्न भन्ने सभा सदस्यहरुले हुन्न भन्नुहोला ।

अव म निर्णयार्थ पेश गर्दछु

स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यले हुन्छ भन्नुहोस.....

मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोस् ...

हुन्न भन्ने सभा सदस्यले हुन्न भन्नुहोस.....

यसरी हेर्दा सर्व सम्मत भएको हुँदा **खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०७८** संसोधन प्रस्ताव स्वीकृत भएको घोषणा गर्दछु

******

अव म यस नगरपालिकाको समग्र विषयवस्तुलाई समेट्ने गरी नगरको **सार्वजनिक महत्वका विषय एवं समसामयिक प्रस्तावहरु** प्रस्तुत गर्न नगर प्रवक्ता श्री **बिष्णु प्रसाद पौडेलज्यूलाई** अनुरोध गर्दछु ।

**नगरसभा सदस्यज्यूहरु अव म शुन्य समय प्रारम्भ भएको घोषणा गर्दछु ।**

नगरपालिकाको समग्र विकासको लागि समसामयिक विषयमा ध्यानाकर्षण गर्न सभासदस्य ज्यूहरुले पालैपालो ३ मिनेट समय निर्धारण गरेको छु । यहाँ उठान गरिएका विषयवस्तुहरु लिपिवद्ध गरी नगरपालिकाको साधनस्रोत अनुसार क्रमशः पुरा गर्दै जाने व्यहोरा जानकारी गराउँदछु ।

**नगरसभा सदस्यज्यूहरु**

हामी यस नगरसभाको अन्त्यतिर आईसकेका छौं,

यस नगरसभा सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद दिँदै आजको यो १४औं नगरसभा सम्पन्न भएको घोषणा गर्दछु ।

धन्यबाद्

**चक्रपाणी अर्याल**

**नगर प्रमुख**

बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगङ्गा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-२

**बाणगङ्गा नगरपालिकाको आ.व.०८०/८१ चौधौं नगरसभामा**

**नगर प्रमुख श्री चक्रपाणी अर्यालद्वारा प्रस्तुत चालु आ.व.२०८०।०८१को अर्धवार्षिक प्रगति प्रतिवेदन**

मिति: २०८०/०९/२५

**संकल्प: "समृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार"**

यस चौधौं नगरसभामा उपस्थित नगर उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर प्रवक्ताज्यू, सम्पूर्ण वडाध्यक्षज्यू, कार्यपालिकाका सदस्यज्यू, नगरसभाका सदस्यज्यू, विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी वर्ग तथा पत्रकार वर्गहरु।

सर्व प्रथम यस सभामा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नु हुने समग्र नगरसभा सदस्यहरुमा मेरो व्यक्तिगत तथा नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दै धन्यवाद ज्ञापन गर्न चाहान्छु।

आज हामी देश संघीयतामा प्रवेश पछि भएको दोस्रो स्थानीय तहको निर्वाचन पश्चात् आ.व. ०८०/८१ को यस बाणगङ्गा नगरपालिकाले स्वीकृत गरेको नीति ,कार्यक्रम तथा बजेटको कार्यान्वयनको अवस्था तथा स्वीकृत कार्यक्रमबाट समग्र नागरिकमा परेको असर र प्रभावको लेखाजोखा गरी आगामी दिनमा नगरपालिकाले सम्पादन गर्ने समग्र विकासात्मक, प्रशासनिक तथा अन्तर निकाय समन्वयका गतिविधिहरुका सुधारात्मक मार्ग तय गरी समग्र नागरिकको स्थानीय सरकार प्रतिको भरोसा र सेवा प्रवाहमा नागरिक सहभागिता वृद्धि गरि नागरिकको खुसियाली वृद्धिमा सहजिकरण तथा सुशासनको कार्यदिशामा स्थानीय सरकारका हरेक गतिविधि अगाडि बढाउन तथा हालसम्म हामीहरुले गरेका विकासात्मक तथा प्रशासनिक गतिविधिवाट नागरिकमा परेका सकारात्मक तथा सुधारात्मक असर र प्रभावको सन्दर्भमा समीक्षा तथा विवेचनाको लागि यस सम्मानित सभामा उपस्थित भएका छौं।

स्थानीय सरकारको सेवा प्रवाह नागरिकमैत्री, नागरिक सहभागिता उन्मुख, जनताले सुन्ने, देख्ने मात्र नभई अनुभुति गर्ने हुनु पर्दछ। शासक र सेवकको सम्वन्ध होइन, सहजकर्ता र सहअस्तित्वको हुनु पर्छ, यसका लागि सुशासन अपरिहार्य छ। सुशासनका महत्वपूर्ण तत्व मध्ये पारदर्शिता र जवाफदेहिता यस्ता कार्यक्रमहरुवाट मापन गर्न सकिन्छ। अत: यस सभामा उपस्थित समग्र महानुभावहरुलाई हाम्रा प्रशासनिक, विकासात्मक गतिविधिमा महसुस भएका सकारात्मक, असरात्मक तथा अनुभूतिजन्य कार्यहरुको बजारीकरण गरि सुधारका मार्ग पहिल्याउन सहयोग गरिदिन हुन अनुरोध गर्दछु।

आदरणीय सभा सदस्यज्यूहरु,

देश संघीयतामा प्रवेश पश्चात् नेपालको संविधानले परिकल्पना गरेको सहकारितामा आधारित संघीयता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा निर्दिष्ट विषयवस्तु, संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार, संघ र प्रदेशका पञ्चवर्षीय योजना, स्थानीय तहबाट स्वीकृत आवधिक विकास योजना तथा ऐन, नियम, कार्यविधि, मार्गदर्शन, मापदण्ड, सहस्राब्दी विकास लक्ष्य, मध्यमकालिन खर्च संरचना, नेपाल सरकार, प्रदेश सरकारले घोषणा गरेका राष्ट्रिय तथा प्रादेशिक अभियानलाई मध्यनजर गरी वार्षिक रुपमा स्वीकृत नीति, कार्यक्रम तथा बजेटको आधारमा हरेक स्थानीय सरकारका विकासात्मक, प्रशासनिक तथा अन्तर निकाय समन्वयका गतिविधि सञ्चालन हुँदै आएका छन। तद् अनुरुप यस बाणगङ्गा नगरपालिकाको यस आ.व.मा स्वीकृत भई कार्यान्वयनमा रहेको नीति कार्यक्रम र बजेटको हाल सम्मको प्रगति विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।

❖ आ.व. ०८०।८१ को कुल बजेट रु.१,२३,१३,३५,४३३।–( १ अरब २३ करोड १३ लाख ३५ हजार ४ सय ३३ मात्र ) रहेकोमा आर्थिक विकास तर्फ रु.६,२५,००,३५७।– (६ करोड २५ लाख ३ सय ५७ मात्र), सामाजिक विकास तर्फ रु.४,६६,८८,२०९।– ( ४ करोड ६६ लाख ८८ हजार २ सय ९ मात्र), पूर्वाधार विकास तर्फ रु.४४,७६,५७,३६८।– (४४ करोड ७६ लाख ५७ हजार ३ सय

६८ मात्र), सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु.२४,०३,०००।- (२४ लाख ३ हजार मात्र), र कार्यालय संचालन तथा प्रशासनिक तर्फ रु.२५,१८,८६,४९९।- (२५ करोड १८ लाख ८६ हजार ४ सय ९९ मात्र) विनियोजन गरिएकोमा हाल सम्म संघ, प्रदेश सरकारवाट निकासा रु.१,६९,२५,२५०।- (१ करोड ६९ लाख २५ हजार २ सय ५० मात्र) र आन्तरिक राजश्व रु.२,५१,४०,१२०।- (२ करोड ५१ लाख ४० हजार १ सय २० मात्र) राजश्व बाँडफाँड रु ४,२२,४३,८१९।-( ४ करोड २२ लाख ४३ हजार ८ सय १९ मात्र) तथा गत वर्षको बाँकी मौज्दात रु.२६,६४,७२,३५९।-( २६ करोड ६४ लाख ७२ हजार ३ सय ५९ मात्र) गरी नगरपालिकाको सञ्चित कोषमा रु.५०,५१,६१,५४७।- ( ५० करोड ५१ लाख ६१ हजार ५ सय ४७ मात्र ) रकम जम्मा भई हाल सम्म पूँजिगत तर्फ १५ प्रतिशत र प्रशासन तर्फ ३० प्रतिशत खर्च भएको छ।

आदरणीय सभासदस्यज्यूहरु

विकासबाट समुन्नति, समृद्धि प्राप्त गर्न विकास व्यवस्थापनका महत्वपूर्ण तथ्य योजना, सँगठन, नेतृत्व, निर्देशन पक्ष महत्वपूर्ण हुन्छ। योजना तर्जुमाका ७ चरण पार गरी बस्तिस्तरबाट उठान भएका योजना कार्यान्वयन गर्न विधिसम्मत निर्माण भएका योजना कार्यान्वयनको संयन्त्र प्रशासनिक सेवा प्रवाह विन्दु, नीति, विधि र प्रविधि हाम्रो जनप्रतिनिधिको सामुहिक नेतृत्व, हामी आफै परिकल्पना गरेका पालिकाको समृद्धि तथा समुन्नतिको सपनाको वास्तविक निर्देशनमा प्राप्त साधन स्रोतको समुचित व्यवस्थापन र परिचालनबाट हाम्रा नागरिकको खुशियाली वृद्धि गर्न सके वास्तवमा मानवीय तथा भौतिक विकासबाट समृद्धिको बाटो हुँदै समुन्नति प्राप्त गर्न सकिने भएकोले हाम्रा साझा प्रयास विकास निर्माणमा साझा सहभागिता, जनताको खुशियाली निरन्तर वृद्धि तथा राष्ट्रिय र प्रादेशिक अभियानमा हाम्रो हातेमालो वृद्धि हुने भएकोले तत् तत् विषयवस्तुको कार्यान्वयन र कार्य सरलिकरणको लागि हामी वार्षिक रुपमा नीति कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयन गरिरहेका छौं। त्यसको निरन्तरताको स्वरुप १३ औं नगर सभाबाट स्वीकृत हाम्रो नीति कार्यक्रम र बजेट हो।

अब म १३ औं नगरसभाले नगरको समग्र विकासमा तय गरेका दिर्घकालिन महत्वका निम्नानुसारका योजना तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरिएको र उक्त तपसिलका निर्णयहरु क्रमश: कार्यान्वयन हुँदै गएको स्मरण गराउँदछु।

- मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रम
- हेलो नगर प्रमुख कार्यक्रम
- महिलासँग नगर उप-प्रमुख कार्यक्रम
- सम्वृद्धिका लागि वन कार्यक्रम
- गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम
- प्रधानमन्त्री रोजगार कार्यक्रम
- गौं संरक्षण कार्यक्रम
- खुल्ला जग्गा संरक्षण कार्यक्रम
- लैंगिक समता तथा समावेशी कार्यक्रम
- कृषि तथा पशु विकास अनुदान र पकेट क्षेत्र कार्यक्रम
- शिक्षा विकास तथा शैक्षिक उन्नयन कार्यक्रम
- समावेशी स्वास्थ्य तथा पोषण कार्यक्रम
- सुशासन तथा संस्थागत विकास कार्यक्रम
- वातावरण संरक्षण तथा जलवायु अनुकुलन कार्यक्रम

- सुरक्षित आप्रवासन कार्यक्रम
- आत्म निर्भर कार्यक्रम (राजश्व परिचालन अभियान)

हाल सम्म उक्त बजेटको आम्दानी तर्फ ४१ प्रतिशत तथा खर्च तर्फ २३ प्रतिशत प्रगति भएको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा प्रशासनिक तथा विकासात्मक गतिविधिलाई द्रुतता दिने विगतका प्रयासहरुलाई न्यूनिकरण गर्ने हाम्रो प्रतिवद्धतालाई मूर्तरुप दिन आगामी दिनमा स्वीकृत नीति कार्यक्रम र बजेट कार्यान्वयनमा शिघ्रता ल्याउन सबै सभा सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछु।

आदरणीय सभा सदस्यज्यू,
अव म हामीहरुले स्वीकृत गरेको नीति कार्यक्रम र बजेटको हालसम्मको क्षेत्रगत प्रगतिको अवस्था प्रस्तुत गर्दछु।

### क्षेत्रगत प्रगति अवस्था

**१) सुशासन तथा संस्थागत विकास**

- नागरिकलाई प्रत्यक्ष लाभ र सुविधा दिने उद्देश्यले नगर र सबै वडा कार्यालयहरुमा नागरिक सहायता कक्षको परिकल्पना गरिएको छ।
- कार्यालयका सवारी साधन र उपकरणहरुको व्यवस्थित संचालन रेखदेख र मर्मत संभारमा सहजिकरणका लागि संयन्त्र बनाई जिम्मेवारी दिईएको छ।
- आन्तरिक आय वृद्धि र प्राकृतिक श्रोतको संरक्षण र सदुपयोगका लागि सरोकारवालाहरुसँग छलफल र अर्न्तक्रिया अगाडि बढाईएको छ।
- प्राकृतिक साधन र श्रोतको संरक्षण, नदीजन्य वस्तुको चोरी नियन्त्रणका लागि सबै संयन्त्रहरु परिचालन गरिएको छ।
- विभिन्न मन्त्रालय, विभाग, र दातृ निकाय, संघसंस्थाहरुसँग समन्वय र सहकार्यको आधार तयार गरिएको छ।
- नगर क्षेत्रका विभिन्न योजना आयोजनाहरुको नियमित अनुगमन निरीक्षण गरिएको छ।
- नियमित रुपमा सबै वडा कार्यालयहरुबाट घटना दर्ता सम्बन्धी कार्य सम्पादन भईरहेको छ।
- नियमित रुपमा सबै वडा कार्यालयहरुबाट सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राहीहरुको नविकरण तथा नयाँ दर्ताको काम सम्पादन भईरहेको छ।
- GPS Location सहित सबै वडामा घर नम्बरिङ्ग गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- प्रशासनिक भवनमा जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका नागरिकहरु समेतको सेवा प्रवाहमा सहज पहुँचका लागि लिफ्ट संचालनमा ल्याईएको छ।
- नियमित रुपमा सबै वडा कार्यालय मार्फत हुने सबै सिफारीसको कार्य सम्पादन भईरहेको छ।
- नगरपालिकाका विभिन्न सूचना, जानकारी लगायतका कार्यक्रमहरु बाणगङ्गा नगरपालिकाको फेसबुक पेज "हेलो बाणगङ्गा" र बाणगङ्गा नगरपालिकाको वेभ साईट मार्फत सार्वजनिक गरिएको छ।
- आन्तरिक नियन्त्रणका लागि सबै शाखा तथा उपशाखामा सि.सि.टि.भि. क्यामेरा जडान गरी नियमित निगरानी गरिएको छ।
- जनप्रतिनिधि,कर्मचारी, टोलविकास संस्था, उपभोक्ता समितिहरुलाई समसामयिक विषयमा जानकारी दिन तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाईएको छ।

- वडा नं ३ र वडा नं ५ को वडा कार्यालयका भवनहरु निर्माण भईसकेको र वडा नं १ को वडा कार्यालयको भवन निर्माणको सम्झौता भई सकेको छ।
- नियमित वडा तथा स्वास्थ्य कार्यालय अनुगमन गरी निरन्तर सुधारको प्रणालीलाई संस्थागत गरिएको छ।
- प्रशासनिक तथा विकासात्मक गतिविधिलाई नागरिकमैत्री तथा कम खर्चिलो बनाउन विगतमा ९४ कानूनको निर्माण भई कार्यान्वयनमा ल्याइएकोमा यस अवधिमा तपसिलको कानून निर्माण र स्वीकृत गरी कार्य सरलीकरण प्रक्रियालाई प्राथमिकता दिइएको छ।

**तपसिल**

| | | |
|---|---|---|
| १ | आर्थिक ऐन, २०८० | स्वीकृत |
| २ | विनियोजन ऐन, २०८० | स्वीकृत |
| ३ | पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण सम्बन्धी कार्यविधी, २०८० | स्वीकृत |
| ४ | पशुपन्छी तथ्याङ्क संकलन निर्देशिका, २०८० | स्वीकृत |
| ५ | बाणगङ्गा नगरपालिकाको नगर युवा परिषद् संचालन कार्यविधि, २०८० | स्वीकृत |
| ६ | अटोरिक्सा, ईरिक्सा संचालन सम्बन्धी कार्यविधि- २०७६ (प्रथम संशोधन २०८०) | स्वीकृत |
| ७ | लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०८० | स्वीकृत |
| ८ | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन, २०७८ (प्रथम संशोधन) | प्रक्रियामा रहेको |
| ९ | वन विधेयक, २०८० | प्रक्रियामा रहेको |
| १० | बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८० | प्रक्रियामा रहेको |

- स्थानीय सरकारको सेवा प्रवाहलाई नागरिकमैत्री, जनउत्तरदायी, प्रतिस्पर्धी एवम् स्वीकृत सूचक तथा मापदण्डको आधारमा सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकामा छुट्टै एक मूल्यांकन शाखा गठन गर्ने प्रक्रिया अगाडि बढाइएको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन LISA आ.व.२०७९/८० को समग्र हाम्रा प्रशासनिक, विकासात्मक तथा अन्तरनिकाय समन्वयका गतिविधि मूल्यांकनमा देहायका विषय क्षेत्रमा देहायको नतिजा प्राप्त भएको छ।

| क्र.स | विषयगत क्षेत्र | अंक भार | प्राप्त अंक |
|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ९ |
| २ | सँगठन तथा प्रशासन | ८ | ७.२५ |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ७ |
| ४ | वित्तिय एंव आर्थिक व्यवस्थापन | ११ | ९.२५ |
| ५ | सेवा प्रवाह | १६ | १६ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५ |
| ८ | सामाजिक समावेशीकरण | १० | १० |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ७.५ |
| १० | सहकार्य र समन्वय | ६ | ६ |
| जम्मा | | १०० | ८९.५ |

- वित्तिय जोखिम न्यूनिकरण (FRA) मा बाणगङ्गा नगरपालिकाले ८७ अंक अनुमान गरी जिल्ला समन्वय समितिमा पठाईएको छ।

२) पूर्वाधार विकास

- वडा नं ३ र वडा नं ५ को वडा कार्यालयका भवनहरु निर्माण भईसकेको र वडा नं १ को वडा कार्यालयको भवन निर्माणको सम्झौता भई सकेको छ।
- नियमित वडा तथा स्वास्थ्य कार्यालय अनुगमन गरी निरन्तर सुधारको प्रणालीलाई संस्थागत गरिएको छ।
- प्रशासनिक तथा विकासात्मक गतिविधिलाई नागरिकमैत्री तथा कम खर्चिलो बनाउन विगतमा १४ कानूनको निर्माण भई कार्यान्वयनमा ल्याइएकोमा यस अवधिमा तपसिलको कानून निर्माण र स्वीकृत गरी कार्य सरलीकरण प्रक्रियालाई प्राथमिकता दिइएको छ।

**तपसिल**

| | | |
|---|---|---|
| १ | आर्थिक ऐन, २०८० | स्वीकृत |
| २ | विनियोजन ऐन, २०८० | स्वीकृत |
| ३ | पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण सम्बन्धी कार्यविधी, २०८० | स्वीकृत |
| ४ | पशुपन्छी तथ्याङ्क संकलन निर्देशिका, २०८० | स्वीकृत |
| ५ | बाणगङ्गा नगरपालिकाको नगर युवा परिषद् संचालन कार्यविधि, २०८० | स्वीकृत |
| ६ | अटोरिक्सा, ईरिक्सा संचालन सम्बन्धी कार्यविधि- २०७६ (प्रथम संशोधन २०८०) | स्वीकृत |
| ७ | लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०८० | स्वीकृत |
| ८ | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन, २०७८ (प्रथम संशोधन) | प्रक्रियामा रहेको |
| ९ | वन विधेयक, २०८० | प्रक्रियामा रहेको |
| १० | बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८० | प्रक्रियामा रहेको |

- स्थानीय सरकारको सेवा प्रवाहलाई नागरिकमैत्री, जनउत्तरदायी, प्रतिस्पर्धी एवम् स्वीकृत सूचक तथा मापदण्डको आधारमा सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकामा छुट्टै एक मूल्यांकन शाखा गठन गर्ने प्रक्रिया अगाडि बढाइएको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन LISA आ.व.२०७९/८० को समग्र हाम्रा प्रशासनिक, विकासात्मक तथा अन्तरनिकाय समन्वयका गतिविधि मूल्यांकनमा देहायका विषय क्षेत्रमा देहायको नतिजा प्राप्त भएको छ।

| क्र.स | विषयगत क्षेत्र | अंक भार | प्राप्त अंक |
|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ९ |
| २ | सँगठन तथा प्रशासन | ८ | ७.२५ |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ७ |
| ४ | वित्तिय एंव आर्थिक व्यवस्थापन | ११ | ९.२५ |
| ५ | सेवा प्रवाह | १६ | १६ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५ |
| ८ | सामाजिक समाबेशीकरण | १० | १० |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ७.५ |
| १० | सहकार्य र समन्वय | ६ | ६ |
| जम्मा | | १०० | ८९.५ |

- वित्तिय जोखिम न्यूनिकरण (FRA) मा बाणगङ्गा नगरपालिकाले ८७ अंक अनुमान गरी जिल्ला समन्वय समितिमा पठाईएको छ।

२) **पूर्वाधार विकास**

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

- स्वीकृत योजना तथा कार्यक्रम मध्ये हाल सम्म नगरस्तरीय योजना संख्या २०६ वटा तथा वडास्तरीय योजना संख्या २६४ गरी जम्मा योजना संख्या ४७० भएकोमा सडक निर्माण तर्फ पिच तथा केन्द्र प्रदेशका समपुरक र विशेष योजनाहरु मध्ये ८० प्रतिशत योजना बोलपत्र स्वीकृत भई कार्यान्वयन भइरहेका, १६२ वटा योजनाहरुको लागत अनुमान तयार भई सम्झौता भईसकेको र बाँकी योजनाहरुको सम्झौता हुने क्रम एवम लागत अनुमान तयारीको चरणमा रहेको छ।
- गत आ.व. मा विनियोजन भएका पूर्वाधारजन्य योजना तथा कार्यक्रमहरु सम्पन्न भएका तथा अधुरा बहुबर्षीय योजना तथा कार्यक्रमहरुका लागि चालु आ.व. मा समेत बजेटको व्यवस्था गरी सम्पन्न गरिने व्यवस्था मिलाईएको छ।
- भौतिक निर्माण तर्फ सुरक्षित नागरिक आवास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र स्थानीय जनताको लागत सहभागिता ३०/७० र ५०/५० का कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेका छन्।
- भवन तथा शहरी विकास तर्फ हाल सम्म १३ सम्पन्न, ४४ अभिलेखिकरण, १७ नयाँ दर्ता गर्ने कार्य सम्पन्न भएको छ। यसरी प्राप्त तथ्यांक विश्लेषण गर्दा हाम्रो पूर्व निर्णय अनिवार्य नक्सा पास गरी भवन निर्माण कार्य गर्ने प्रणालीलाई थप व्यवस्थित गर्नु पर्ने देखिन्छ।
- पूर्वाधार विकास, भवन तथा वस्ति विकासलाई थप प्रभावकारी बनाउन नगर यातायात गुरुयोजना निर्माण, भू -उपयोग योजना निर्माण, र भू संवेदनशिल योजना निर्माण प्रक्रिया सुरु गरिएको छ।
- नगरको भौतिक, सामाजिक, आर्थिक, वातावरणीय तथा समग्र विकासलाई पूर्व अनुमानयोग्य बनाउन आवधिक योजनामा उल्लेखित स्वीकृत योजना बैंकबाटमात्र कार्य प्रक्रिया बढाउने कार्यको थालनी गरिएको छ।
- पर्यटन पूर्वाधार विकासको लागि बाणगङ्गा सर्किटको परिकल्पना गरि सर्किट भित्र विकासात्मक कार्य संचालान गर्ने सोचको विकास गरिएको छ।

### ३) सामाजिक विकास

- बाणगङ्गा नगरपालिका स्थित सबै विद्यालयहरुको स्थलगत अनुगमन निरीक्षण गरी विद्यार्थीहरुले खाने दिवा खाजाको गुणस्तर सुधारका लागि निर्देशन दिईएको छ।
- विभिन्न अभिमुखिकरण कार्यक्रम संचालन गरी चालु आ.व. को नीति तथा कार्यक्रम अनुरुप कार्यक्रम संचालनका लागि आधार तयार गरिएको छ।
- आर्थिक रुपमा कमजोर भएका विपन्न नागरिकहरु तथा बालबालिकाहरुलाई आर्थिक सहयोगको व्यवस्था गरिएको छ।
- अपांग, जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यमा शिघ्रता ल्याइएको छ।
- पञ्जिकरणतर्फ समाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानि, घटना दर्ता कार्य नियमित सञ्चालनमा ल्याइएको छ।

### ४) आर्थिक विकास

- पशु सेवा स्वास्थ्य उपचार, कृषितर्फ विउ विजन वितरण, माटो उपचार शिविर, पकेट जोनका कार्यक्रम सञ्चालन गरिएको छ।
- सहकारी दर्ता व्यवसाय दर्ता, नविकरण निरन्तर सञ्चालन गरिएको छ।
- दिवस समारोह मनाउने तथा सरोकारवाला विच लैंगिक वहस कार्यक्रम सम्पन गरिएको छ।
- यस अवधिमा रु. २,५१,४०,१२०।– ( २ करोड ५१ लाख ४० हजार १ सय २० मात्र) राजश्व असुली भएको र आन्तरिक श्रोत वृद्धिका लागि राजश्व सुधार कार्ययोजना निर्माण गरी लागु गरिने छ।

### ५) वन वातावरण तथा विपद् व्यवस्थापन

- प्रकोप व्यवस्थापन कोष परिचालन, विपद् तथा संकटापन्न क्षेत्रहरुको पहिचान तथा योजना कार्यान्वयन गर्ने नीति अवलम्बन गरिएको छ।

आदरणीय सभा सदस्यज्यूहरु

माथि उल्लेखित कार्यसम्पादनबाट प्राप्त तथ्यांकीय उपलव्धीहरुलाई यस गरिमामय सभामा प्रस्तुतिको लागि अनुमति चाहान्छु ,

६) **प्राप्त उपलव्धीहरु**

➢ भौतिक पूवाधार तर्फ

**सडक**

| | |
|---|---|
| सडक कालोपत्रे | बोलपत्र स्वीकृत |
| सडक ग्रावेल तथा स्तरोन्नति | ४.२ किलो मिटर |
| सडक नाली | बोलपत्र स्वीकृत |
| सडक पी.सी.सी. | बोलपत्र स्वीकृत |
| सडक कालोपत्रे मर्मत | कार्य हुँदै गरेको |
| कल्भर्ट | बोलपत्र स्वीकृत |
| प्रशासनीक भवन | २ वटा सम्पन्न |
| विद्यालय भवन निर्माण/ मर्मत | निर्माणको चरणमा |
| खानेपानी योजना | निर्माणको चरणमा |
| खेलकूद मैदान | निर्माणको चरणमा |
| तटबन्ध | निर्माणको चरणमा |
| जग्गा संरक्षण तारवार | निर्माणको चरणमा |

हाल सम्म १८ वटा योजना सम्पन्न भई १३ वटा योजनाको भुक्तानी भई सकेको छ र अन्यको भुक्तानीको क्रममा रहेको छ।

➢ **वैठक कार्यप्रणाली**

| | |
|---|---|
| • कार्यपालिका वैठक | ८ |
| • कर्मचारी वैठक तथा आन्तरिक सुशासन बैठक | ६ |
| • विविध बैठक | ११ |

➢ **विषयगत समिति वैठकहरु**

| | |
|---|---|
| १) सुशासन तथा संस्थागत विकास | २ |
| २) पूर्वाधार विकास | १ |
| ३) सामाजिक विकास | १ |
| ४) आर्थिक विकास | ३ |
| ५) वन वातावरण तथा विपद् व्यवस्थापन | १ |
| ६) राजश्व परामर्श समिति | ५ |
| ७) न्यायिक समिति | २३ |
| ८) लेखा समिति | १ |
| ९) अनुगमन समिति | १ |

➢ अन्य निकायहरुसँग समन्वय (नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक तथा विषयगत शाखा प्रमुखहरुको संलग्नता)

✓ केन्द्र सरकारसँग कार्यक्रम ७ पटक

| | |
|---|---|
| ✓ प्रदेश सरकारसँग कार्यक्रम | ५ पटक |
| ✓ विषयगत मन्त्रालयहरुसँग कार्यक्रम | ३ पटक |
| ✓ जिल्ला समन्वय समितिसँग कार्यक्रम | ५ पटक |
| ✓ अन्तरपालिका बैठक | ५ पटक |
| ✓ विभिन्न संघ ,संस्था तथा दातृनिकायका प्रतिनिधिहरुसँग कार्यक्रम | ९ पटक |

➢ **अभियानमुखि कार्यक्रम**

**१) शिक्षा तर्फ**

प्रधानाध्यापकहरुको बैठक २ पटक, परीक्षा समितिको बैठक १ पटक, शिक्षा समिति बैठक ४ पटक, विद्यालय व्यावस्थापन समितिको समयावधि सकिएका विद्यालय मध्ये ९ वटा विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ। २० वटा विद्यालयहरुको अनुगमन समेत गरिएको छ। आ.व.२०७९/०८० मा सामाजिक परीक्षण सम्पन्न गरी नगरपालिकामा बुझाउने जम्मा ३१ वटा, लेखापरीक्षंण १९ वटा र विद्यालय सुधार योजना २६ वटा विद्यालय बाट प्राप्त भएको छ। नगरमा रहेका युवा व्यवसायीहरुलाई सम्मान गरी युवा दिवस कार्यक्रम सम्पन्न गरिएको छ। अतिरिक्त कृयाकलाप अन्तर्गत हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला, निवन्ध लेखन, लोक गायन प्रतियोगिता तथा नगरस्तरीय शिक्षक कविता प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको छ।

**२) महिला बालबालिका तर्फ**

६ वटा अभियानमुखी कार्यक्रम सञ्चालन हुदाँ ३०० जना सरोकारवालहरुको सहभागिता भएको। नगरस्तरीय खुला तिज गीत तथा नृत्य प्रतियोगिता सञ्चालन, लैंगिक असन्तुलन न्यूनीकरणका लागि विभेदपूर्ण लिङ्ग छनौट (लिङ्ग पहिचान गरी भ्रुण हत्या) अन्त्य सम्बन्धी सचेतनामूलक कार्यक्रम, दोस्रो नगरस्तरीय खुला महिला व्याडमिन्टन प्रतियोगिता सम्पन्न गरिएको तथा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान लगायतका कर्यक्रम सम्पन्न गरिएको छ। अपाङ्ग परिचय पत्र वितरण तर्फ क वर्ग ४ जना, ख वर्ग १६ जना, ग वर्ग ३ जना गरी जम्मा २३ वटा अपाङ्ग परिचय पत्र वितरण गरिएको छ। ४५ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ, जसमा महिला २४ र पुरुष २१ जना रहेका छन्।

**३) सुरक्षित आप्रवासन सामी तर्फः**

बैदेशिक रोजगारीबाट फर्केका युवाहरुको ११ वटा वडाहरुमा वडास्तरिय सञ्जाल गठन गरिएको छ। वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालनको लागि ४ पटक वडा भेला गरिएको, बैदेशिक रोजगारीमा गएका ११२५ घरपरिवारलाई सहि सूचना दिएको, २३ वटा घर परिवारमा मनोसामाजिक परामर्श सेवा दिईएको छ। बैदेशिक रोजगारी सामी प्रोफाईल निर्माण गरिएको छ।

**४) न्यायिक समिति तर्फः**

आ.व. २०८०/८१ हाल सम्म जम्मा ६ वटा उजुरीहरु दर्ता भएकोमा २ वटा उजुरी मिलापत्रबाट फरछ्यौट भएको छ। संघ,संस्था ४ वटा सूचिकृत तथा ६ वटा नविकरणको लागि सिफारिस गरिएको छ।

**५) राजश्व शाखा तर्फ :**

नेपाल सरकारद्वारा विकास गरिएको Sutra Revenue Module द्वारा राजश्व विल काटिएको छ। प्राईभेट फर्म दर्ता १२७ र व्यवसाय दर्ता ६२ वटा गरिएको छ। ५ दिन बजार अनुगमन गरिएको छ। IEE अनुसार नदीजन्य पदार्थको परिमाण यकिन गर्न प्राविधिक टोली खटाईएको छ। नदीजन्य पदार्थ चोरी निकासी गर्ने १३ वटा ट्याक्टरलाई कारवाही गरिएको छ।

**६) कृषि सेवा तर्फ**

च्याउको विउ वितरण कार्यक्रम अन्तर्गत १५५०० प्याकेट विउ वितरण गरिएको, उन्नत विउ वितरण कार्यक्रम अन्तर्गत ४५६०० के.जी उन्नत गहुँको विउ वितरण गरिएको, ६१५० के.जि. गहुँको स्रोत / मुल विउ वितरण गरिएको, ३ वटा तरकारी तथा गहुँ खेती सम्बन्धी स्थलगत तालिम संचालन गरिएको, धान बालीको ५० वटा क्रप कटिङ गरिएको, कृषि स्नातक प्राविधिक करारमा नियुक्ति गरिएको, रासायनिक मल व्यवस्थापन अन्तर्गत ४७७.५ मे. टन युरिया, ४७२.५ मे.टन डि.ए.पि. र १२.५ मे. टन पोटास मल इजाजत प्राप्त २४ वटा सहकारी मार्फत कृषकहरुलाई वितरण गरिएको छ। खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना २०८० को ड्राफ्ट तयार गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा पठाईएको छ।

**७) पशु सेवा तर्फ**

कृत्रिम गर्भाधान सेवा ९१२, पशुपंक्षी उपचार सेवा ९१७२, प्रयोगशाला सेवा १८७५, परजीवि नियन्त्रण सेवा ३५९०, खोप सेवा ( लम्पी स्कीन / रेविज) १०६८, जै / बर्षिम घाँसको विउ वितरण ४४५०, के.जी. पशुपंक्षी फर्म नयाँ दर्ता १५ वटा, पशुपंक्षी फर्म नविकरण १४३, पशुपालन समूह दर्ता १८, पशुपंक्षीहरुको मृत्यु प्रमाणित तथा सिफारिस १९ वटा गरिएको छ। उपरोक्त कार्यक्रमहरुबाट महिला ५७०४ र पुरुष ८८५५ गरी जम्मा १४५५९ जना कृषक परिवारहरु लाभन्वित भएका छन्। पशुपंक्षी तथ्याङ्क संकलन १२११६ घरधुरीको तथ्याङ्क संकलन भई सकेको, बाँकी तथ्याङ्क आउने क्रम जारी रहेको छ

**८) रोजगार सेवा तर्फः**

रोजगारदाताहरुको तथ्याङ्क संकलन, अद्यावधिक तथा अभिलेखिकरण अन्तर्गत ३०० वटा रोजगारदाताहरुको विवरण संकलन गरिएको, चौधौं औद्योगिक प्रदशनीमा जम्मा २०० जना बेरोजगारहरुको विवरण संकलन गरिएको छ। २०५ जना सेवाग्राहीको श्रम स्वीकृत गरिएको छ। बैदेशिक रोजगारीमा मृत्यु भएकाका ४ जना सन्ततीहरुलाई आर्थिक छात्रवृत्तिको लागि वैदेशिक रोजगार बोर्डको सचिवालयमा निवेदन पेश गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६८० जना वेरोजगार सूचीमा रहेका लाभग्राहीको छनौट भई कार्यक्रम सञ्चालनको चरणमा छ।

**९) स्वास्थ्य सेवा तर्फ**

डेंगु रोग नियन्त्रण तथा रोकथाम कार्यक्रम अन्तर्गत लामखुट्टेको लार्भा खोज र नष्ट अभियान संचालन गरिएको छ। क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम अन्तर्गत सम्पूर्ण वडाहरुमा ३३६ जना शकास्पद क्षयरोगका विरामीहरुमा स्क्रनिङ्ग शिविर सम्पन्न गरिएको छ, जस मध्ये ३ जना क्षयरोगका विरामीहरु पत्ता लागेका छन्। नियमित खोप कार्यक्रम अन्तर्गत ६७४ जना बालबालिकाहरुले पूर्ण खोप प्राप्त गरेका छन्। नो होम डेलिभरी कार्यक्रम अन्तर्गत ११० जनाले निःशुल्क एम्बुलेन्स सेवा लिएका छन्। सामान्य उपचार तर्फ OPD मा जम्मा ४९२३० जना नयाँ विरामीले सेवा लिएका छन्। विपन्न नागरिकको लागि औषधी उपचार सिफारिस अन्तर्गत क्यान्सर सम्बन्धी ४४ जना, मुटु रोग सम्बन्धी १६ जना, मृगौला रोग सम्बन्धी १३ जना, स्पाईनल ईन्जुरी सम्बन्धी ४ जना, सिकल सेल एनेमिया १ जना, हेड ईन्जुरी सम्बन्धी १ जना र पार्किन्सन सम्बन्धी १ जना गरी जम्मा ८० जना विपन्न नागरिकहरुलाई औषधोपचारको लागि सिफरिस गरिएको छ।

**१०) भूमि तर्फः**

सबै वडाहरुको गरि ५०० कित्ता जगाहरुको कित्ताकाट सिफारिस गरिएको छ। ३९ जना भूमिहिन दलित र भूमिहिन सुकुम्बासीमा भरिएका फारम अव्यवस्थित बसोवासमा परिणत गरिएको छ। वडा नं १,२,४,७ का जम्मा १५ वटा ब्लकहरु नापनक्साको लागि कार्यपालिकाबाट पास गरी अनुमतिका लागि जिल्ला समितिमा पठाईएको छ। वडा नं १,२,४,६,७,८,९,१०,११ को ७ दिने सूचना प्रकाशन गरि सकिएको र सो निवेदकहरुको ३ पुस्ते विवरण तयार पारी नेपालभर घर जग्गा रहे नरहेको यकिन गर्न भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवामा पठाईएको छ।

**११) घटनादर्ता पञ्किरण तर्फ**

जन्म ८३२ जना(पुरुष ४२६ ,महिला ४०६), मृत्यु २६३ जना( पुरुष १४९ ,महिला ११४), विवाह ३११ जोडी, सम्बन्ध विच्छेद ३२ जना, बसाइसराई तर्फ बसाइसाई गरी आएको ६२८ जना र बसाइसराई गरी गएको १३५ जना दर्ता भएको देखिन्छ।

**१२) सामाजिक सुरक्षा तर्फ**

६८ वर्ष माथि जेष्ठ नागरिक ४७९६ जना, ६० वर्ष माथि दलित ३१५ जना, ६० वर्ष माथि एकल महिला ७११ जना, विधुवा महिला १४१५ जना, पूर्ण अपाङ्ग १४१ जना, अति अशक्त अपाङ्ग ४५९ जना, ५ वर्षमुनिका दलित बालबालिका ३९९ जना, लोपोन्मुख जाति २६ जना, लोपोन्मुख बालबालिका ५ र क्षेत्र तोकिएका बालबालिका ५५८४ गरी १३९३१ जना लाभग्राही रहेका छन् । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०।८१ को लागि विनियोजित रकम रु ३७ करोड मध्ये पहिलो त्रैमासिकमा रु. ९ करोड १३ लाख २० हजार १ सय ३८ बराबरको रकम लाभग्राहीहरुको खातामा जम्मा हुने गरी बैंक मार्फत वितरण गरिएको छ।

**१३) वन, वातावरण, विपद् तथा फोहोरमैला व्यवस्थापन तर्फ**

नगर बस पार्कको प्रारम्भिक वातावरणीय मुल्याङ्कन सकिएको छ । वडागत रुपमा नापी विभागको तथ्याङ्क अनुसार सार्वजनिक जग्गाको पहिचान सुरु गरी ४ स्थानमा सार्वजनिक जग्गा अभिलेख गरिएको, सार्वजनिक जग्गा व्यवस्थापन तथा सामुदायिक वनको वार्षिक कार्ययोजना निर्माणमा सहयोग गरिएको छ।

**१४) कर्मचारी व्यवस्थापन तर्फ**

हाल नगरपालिका तर्फ स्थायी १२१ जना, करार ९३ जना , ज्यालादारी ५ जना गरी जम्मा २१९ जना कर्मचारी कार्यरत रहेकोमा खाली दरबन्दीमा केही लोकसेवा आयोगमा माग गरिएको तथा केही स्थायी कर्मचारीको लागि सहमति प्रदान गरिएको छ । नगरपालिकाको आन्तरिक आयको अवस्था ,जनसंख्या, सेवाको चाँपलाई मध्यनजर गरी नारपालिकाको संगठनात्मक संरचनाको अध्ययन गरी दरबन्दी मिलान गरिने छ।

**७) नगरपालिकाको आगामी कार्यदिशा**

बाणगङ्गा नगरपालिकाका समग्र नागरिकहरुको समृद्धि तथा समुन्नतिको लागि हामीहरुले स्वीकृत गरेको आवधिक विकास योजनालाई आधार मानी नगरपालिकाका गौरवका योजना कार्यान्वयमा ल्याइने छ तथा समग्र नगरपालिकाको भौतिक तथा सामाजिक विकासको लागि बाणगङ्गा सर्किट निर्माण गरी अन्तर निकाय लगानी वृद्धि गरी कार्यान्वयनमा ल्याइनुका साथै नगरपालिकालाई पूर्ण सरसफाइयुक्त नगरपालिका बनाउन टोल विकास संस्था मार्फत अभियान सञ्चालन गरिने छ। नगरपालिका भित्र फोहरमैला व्यवस्थापन उद्योगको स्थापनाको साथै औद्योगिक ग्राम सञ्चालन गरिने छ। नगरपालिकाको सडक यातायात गुरुयोजना कार्यान्वयन गरी नगर पहुँच मार्ग, नगर रिङ्गरोड आदिको स्तरोन्नतिका साथै ११ वटा वडा कार्यालय, ४ वटा आधारभूत स्वास्थ्य केन्द्र, नगर अस्पतालमा विशेषज्ञ सेवा सहितको कर्मचारी जनशक्ति व्यवस्थापन तथा भूमिको वर्गिकरण, सुकुम्वासी समस्या समाधान जस्ता भूमि प्रशासन सम्बन्धी कार्यलाई संघ र प्रदेश सरकारको समन्वयमा सम्पन्न गरिने छ। नगरको समग्र विकासको लागि १ वडा १ गौरवको योजना तथा आफ्नै वडा आफ्नै विशेष पहिचान अभियान सञ्चालन गरी नगरको पहिचानमा आधारस्तम्भ तयार गरिने छ। राष्ट्रिय अभियान अन्तर्गत दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै नगरपालिकालाई No Home Delivery, पोषणमैत्री नगरपालिका, पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणा गरिने छ। उल्लेखित कार्य सम्पन्न गर्नका साथै नगरको समग्र विकासका लागि बाणगङ्गा नगरपालिकाको ३ वर्षे दीर्घकालिन सोच (Blue Print) तथा मध्यमकालिन खर्च संरचना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

अन्त्यमा,

राजनीतिक दल , नागरिक क्षेत्र तथा कार्मचारी वर्गको त्रीकोणात्मक समन्वयबाट समाज सञ्चालन हुने हुँदा एक पक्षीय प्रयासबाट मात्र गन्तव्यमा पुग्न सकिदैन । राजनीति नीति निर्माता तथा नीतिको संरक्षक बन्नु पर्छ भने कर्मचारीतन्त्र नीति कार्यान्वयन कर्ता तथा विधि कार्यान्वयन कर्ता बन्न सक्नु पर्छ । समग्र नागरिक क्षेत्र अनुगमन कर्ता, सम्वृद्धि एवम् समुन्नतिको संरक्षक बन्न सक्नु पर्छ । यसरी तिनै पक्षको सकारात्मक समन्वयबाट अधिकारमा आधारित विकास तथा समावेशी, समानुपातिक विकासको लक्ष्य प्राप्ति भई नागरिकहरुको खुशियाली वृद्धि हुने हुँदा हाम्रा सपना तथा जनताका भावना पुरा भई समग्रमा सुशासन कायम गर्न सकिने भएकोले हाम्रो साझा अभियानबाट प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता सहितको सुशासन तथा स्थानीय समावेशी विकासको माध्यमवाट समृद्धि प्राप्त गरी समग्र समुन्नतिको यात्रा तय गर्ने भएकोले यो समग्र समुन्नतिका यात्रामा सबै पक्षको सहयोग सुझाव तथा सहयात्राको अपेक्षा सहित  हाल सम्म यो पुनित कार्यमा सहयोग गर्नु हुने समग्र राजनीतिक क्षेत्र, नागरिक क्षेत्र, पूर्व जनप्रतिनिधिहरु एवम् वर्तमान जनप्रतिनिधिहरु र समग्र कर्मचारी वर्ग तथा समग्र संचार जगतमा हार्दिक धन्यवाद दिदै निरन्तर सहयोग, सल्लाह तथा सुझावको अपेक्षा सहित विदा चाहान्छु ।

<u>धन्यवाद</u>

अनुसूची - ३ (क)

[illegible]४औ नगरसभाबाट आ.व. २०८०।०८१ को लागि स्वीकृत योजनाहरु:

| क्र. सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | मिलन टोल बैरिया चर्च भवन अगाडिको सडक कालोपत्रे | १ | १५०० | |
| २ | राजपुर ओसनिया सडक कालोपत्रे | २ | १५०० | |
| ३ | ठाँटी सन्तलाल थारुको घरदेखी दक्षिण कल्भट सम्म सडक कालो पत्रे | ३ | ८०० | |
| ४ | राजापानी देखी गंगौलिया जाने सडकमा कल्भट निर्माण | ३ | ७०० | |
| ५ | रमेश सेनको घर देखि भिमकान्त पौडेलको घरसम्म कुलो निर्माण | ४ | १२०० | |
| ६ | सृजनशील कृषि आमा समुह अधुरो भवन निर्माण | ४ | ३०० | |
| ७ | झण्डा (५लाख) - सेमलखोर(१० लाख) अधुरो सडक कालोपत्रे | ५ | १५०० | |
| ८ | बैदोली खोप्रेली टोलमा बाटो RCC ढलान | ६ | ७०० | |
| ९ | मनोहरीपुर कृष खत्रिको घर देखी भुमिदत्तको घर हुँदै माधव खनालको घर देखि शकर थारुको खेत सम्म कुलो कल्भट तथा हेमपाईप निर्माण | ६ | ४५० | |
| १० | खैरेनी चौर सामुदायिक खेल मैदान, तार जाली, माटो पटान तथा चौपारी निर्माण | ६ | ३५० | |
| ११ | विभिन्न ठाउँमा अधुरो नाली निर्माण तथा बाटो ढलान - (धैरेनी डाँडा, मोतिपुर डाँडा विद्यालय उत्तर र विनोदको घर उत्तर सडकमा) | ७ | ९०० | |
| १२ | सडक विस्तार तथा ग्राभेल- (कोटिया र दक्षिण टोल कल्भर्ट छेउ) | ७ | ६०० | |
| १३ | मुर्मी कुलो बाडि गाँउ र चिउरी मिल सडक ग्रेवल | ८ | ६०० | |
| १४ | थारु कृया पुत्री भवन, दुर्गा मन्दिर चर्पी निर्माण बराहा मन्दिर निर्माण तथा कम्पाउन्ड वाल निर्माण | ८ | ९०० | |
| १५ | चौवाहको दुर्गा मन्दिर हुँदै स्वास्थ्य चौकी जोड्ने सडक कालोपत्रे | ९ | ७०० | |
| १६ | दुर्गा चालिसेको घर देखि शिव मन्दिर जाने सडक कालोपत्रे | ९ | ८०० | |
| १७ | मोतिपुर बाहादुर जोडने सडकमा रहेको अधुरो पक्की पुलको पंखी निर्माण | १० | ७०० | |
| १८ | विभिन्न सडक स्तरोन्नती ( विरपुर बाख्रा फर्म-३, मोतिपुर फिल्ड देखी सोनपुर-३ र रतनपुर-२ लाख) | १० | ८०० | |
| १९ | अधुरो सामुदायिक भवन निर्माण देउवापार | ११ | ५०० | |
| २० | अधुरो सामुदायिक भवन निर्माण ओदारी | ११ | १००० | |
| २१ | हरिहरपुर नागको थानदेखि सगरमांथा काष्ठ उधोगसम्म पक्कि कुलो निर्माण | ४ | ५०० | |
| २२ | सूर्योदय आ. वि. वाल निर्माण चप्परगाँउ | ८ | ५०० | |
| २३ | कारागार व्यवस्थापन सस्थागत अनुदान | | १०० | |
| २४ | नगर भित्रका सौर्य बत्ति मर्मत | | १५०० | |
| २५ | ढोडेकोल धध्रैया जोखे थारुको घरदेखि दुबरा थारुको घरसम्म उदयपुर जाने कुलो पक्की | ८ | ५०० | |
| २६ | दुर्गा मन्दिर निर्माण बभनी वडा नं ३ | ३ | ३०० | |
| २७ | खोजिपुर सामुदायिक भवनको किनारको सार्वजनिक स्थलमा माटो पटान एवं पर्खाल निर्माण | ९ | ५०० | |
| २८ | गंगोलिया बभनी सडकखण्ड देखि दक्षिण टेणी कुलोमा नहर निर्माण | ३ | २५० | |

| क्र. सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| २९ | गजेहडा स्वास्थ्य चौकी भवनको पूर्वाधार निर्माण | ४ | १५०० | |
| ३० | चिरन्जिवी पन्थको घर देखि प्रेम बेल्बासेको घरसम्म कुलो निर्माण | १ | ३०० | |
| ३१ | हथौसा गाँउ देखि घरबुधियाको विचमा भैसी फर्म जाने सडक | ११ | २०० | |
| ३२ | झुँगा डिप बोरीङ ट्रास्फर्मर जडान | ३२४ | ७०० | |
| ३३ | मोर्मी दुर्गा मन्दिर तटबन्ध | ८ | ३०० | |
| ३४ | मदन शाहीको घर देखी पूर्व तर्फ अधुरो सडक स्तरोन्नति | ४ | ४०० | |
| ३५ | सामुदायिक भवन निर्माण वडा नं. ३ | ३ | ३०० | |
| ३६ | धनेशपुर खेल मैदान निर्माण | ८ | ५०० | |
| ३७ | पडरिया मुल सडक देखि दक्षिण तर्फ जाने सडकमा नाली निर्माण | ९ | ५०० | |
| ३८ | औषधि तथा सर्जिकल समान खरीद | | २००० | |
| ३९ | शसस्त्रको मेनगेट अगाडिबाट गोबडिहवा तर्फ जाने सिचाई कूलो माथि कल्भर्ट निर्माण | २ | २५० | |
| ४० | श्रृङ्गिघाट सिंचाईको बाँध तथा नहर मर्मत | १ | ५०० | |
| ४१ | हाड बरैया कुलोमा कल्भर्ट निर्माण | ११ | ३०० | |
| ४२ | बाजा समुहलाई पोशाक खरिद | ११ | ५० | |
| ४३ | घरबुधिया गौरी शंकरको घर देखि देउवापार सम्म सडक स्तरोन्नती | ११ | २०० | |
| ४४ | धनेशपुर अधुरो क्रियापुत्री भवन निर्माण | ८ | २०० | |
| ४५ | जय गुरुदेव आश्रम भवन निर्माण ठेकही | १० | २०० | |
| ४६ | अधुरो गुम्बा भवन निर्माण | ९ | २०० | |
| ४७ | कृषि विकास भवनको माथि तल्ला थप | | ५००० | |
| ४८ | चौतारी होटल देखी लिटिलस्टर जाने सडक स्तरोन्नती | ११ | १००० | |
| ४९ | बैकुन्ठपुर अधुरोबाटो स्तरोन्नति | ५ | ५०० | |
| ५० | देउवापार थारु डिउहार निर्माण | ११ | ३०० | |
| ५१ | मझौवा गाँउमा R C C ढलान | १० | ६०० | |
| ५२ | अमौली गाँउमा शिवमन्दिर छत ढलान | ६ | ३०० | |
| ५३ | गुरु बाबा चोकदेखी दक्षिण कल्भट निर्माण | १० | २०० | |
| ५४ | विश्रामको घर देखि उत्तर मैनहरा बाटो ग्रावेल | ११ | १०० | |
| ५५ | नवज्योति महिला बहुउद्देश्य सहकारी संस्था अधुरो स्टोर रुम निर्माण | ११ | ४०० | |
| ५६ | नगरको पश्चिम नाग मुर्तिको तार जाली | ४ | १०० | |
| ५७ | पदमपुर चेतिया शिव मन्दिर निर्माण | ११ | २०० | |
| ५८ | सिद्धार्थ क्याम्पस बुंची राष्ट्रिय झण्डा कम्पाउन्ड निर्माण | १ | ३०० | |
| ५९ | डिप बोरिङ्ग मर्मत तथा नाली निर्माण अमौली | ६ | ३०० | |
| ६० | ब्लक उद्योग देखी शिव पाण्डेको घर सम्म जाने सडक RCC ढलान | ८ | ५०० | |
| ६१ | लक्ष्मणघाट बोलबम धाम पुजारी बस्ने कोठा निर्माण | ६ | ४०० | |
| ६२ | कल्याणेश्वर मन्दिर पिपरामा झ्याल ढोका | २ | ३०० | |
| ६३ | शिव मन्दिर अधुरो तार बार बनकसिया | ६ | ३०० | |
| ६४ | कोईली बनगाई अधुरो सामुदायिक भवन निर्माण | ७ | २०० | |

अनुसूची - ३ (ख) योजना संशोधन

| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा न. | क्र. स. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| २ | १ | किसानलाई घांसको विउ वितरण/५० प्रतिशत अनुदानमा कृषि औजार वितरण | ४५० | १ | किसानलाई घांसको विउ वितरण/५० प्रतिशत अनुदानमा कृषि औजार वितरण | ४५० | -४५० | ० |
| | | | | २ | किसानलाई घांसको विउ वितरण/ फर्म कृषक लाई कृषि औजार वितरण | ० | ४५० | ४५० |
| | २ | दक्षिण पिपरा कल्भर्ट निर्माण र पोखरी नेर बाटो पक्की | ३०० | ३ | दक्षिण पिपरा पोखरी नेर बाटो पक्की | ० | ३०० | ३०० |
| ४ | १ | सडक /नाला/विजुली पोल मर्मत संभार | १५० | १ | सडक /नाला/विजुली पोल मर्मत संभार | १५० | -५० | १०० |
| | | | | २ | सडक बत्तिको तार व्यवस्थापन | ० | १०० | १०० |
| | २ | पुनरुत्थान अध्ययन केन्द्र दरखास्तमा शौचालय निर्माण | १०० | ३ | पुनरुत्थान अध्ययन केन्द्र दरखास्तमा वाल निर्माण | ० | १०० | १०० |
| | ३ | चन्द्र सारुको घर अगाडी स्लेट कल्भर्ट तथा बाटो मर्मत वडा न. ४ | ३०० | ४ | चन्द्र सारुको घर अगाडी स्लेट कल्भर्ट तथा बाटो मर्मत वडा न. ४ | ३०० | -५० | २५० |
| ५ | १ | वातावरण विपद व्यवस्थापन तथा सरसफाई | ४४३ | १ | वातावरण विपद व्यवस्थापन तथा सरसफाई | ४४३ | -४०० | ४३ |
| | २ | कृषि विकास कार्यक्रम तथा सामग्री वितरण | २९० | २ | कोपवा स्वास्थ्य चौकीको पूर्वाधार निर्माण | ० | १०० | १०० |
| | ३ | पशु सेवा प्रबर्धन तथा सामग्री बितरण | २६० | ३ | कृषि विकास कार्यक्रम तथा सामग्री वितरण | २९० | -१०० | १९० |
| | | | | ४ | पशु सेवा प्रबर्धन तथा सामग्री बितरण | २६० | -१०० | १६० |
| | ४ | खुला व्यायामशाला खेलकुल स्थल निर्माण तथा मर्मत | ५०० | ५ | खुला व्यायामशाला खेलकुल स्थल निर्माण तथा मर्मत | ५०० | ५०० | १००० |
| ६ | १ | स्वास्थ्य शिबिर संचालन कार्यक्रम | २०० | १ | स्वास्थ्य शिबिर संचालन कार्यक्रम | २०० | -५० | १५० |
| | २ | गर्भवति तथा सुत्केरी महिला पोषण कार्यक्रम | १७० | २ | गर्भवति तथा सुत्केरी महिला पोषण कार्यक्रम | १७० | ५० | २२० |
| | ३ | प्रति डांडा बाल उद्या DPR निर्माण | ५० | ३ | प्रति डांडा बाल उद्यान DPR निर्माण | ५० | ५० | ० |
| | | | | ४ | प्रगति चार मौजा कुलोमा स्लेब निर्माण तथा नागवेलीमा सडक स्तरोन्नति | ० | ५० | ५० |
| ७ | १ | गन्सहवा पूर्व बोरिंग जडान | १५० | १ | फुलवारी पिकनिक स्पोर्ट व्यवस्थापन | ० | १५० | १५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | १ | बोडगाउ बालापुर सडक स्तरोन्नति, पक्का कूला निर्माण, खेती संरक्षण तारबार , वाटर कुलर र डिस्पेन्सर जडान | १११० | १ | बोडगाउ बालापुर सडक स्तरोन्नति, पक्का कूला निर्माण, खेती संरक्षण तारबार | ० | १११० | १११० |
| | २ | वडा भित्रका भौतिक संरचना मर्मत तथा बिधुतीकरण | ३०० | २ | वडा कार्यालय भित्रका भौतिक संरचना मर्मत तथा बिधुतीकरण | ० | ३०० | ३०० |
| ९ | १ | पडरिया कुटिमा विश्रामस्थल र गुम्बामा अधुरो शौचालय निर्माण | २०० | १ | पडरिया दुर्गा मन्दिरमा विश्रामस्थल मर्मत गुम्बामा अधुरो शौचालय निर्माण | ० | २०० | २०० |
| १० | १ | जेष्ठ नागरिक तथा एकल महिला आंखा शिबिर | २०० | १ | जेष्ठ नागरिक तथा एकल महिला आंखा शिबिर | २०० | -१०० | १०० |
| | | | | २ | महिलाहरूको लागि पाठेघर स्वास्थ्य परीक्षण शिबिर तथा अन्य स्वास्थ्य सम्वन्धि कार्यक्रम | ० | १०० | १०० |
| | २ | महिला स्वास्थ्य स्वयम सेविका परिवारलाई स्वास्थ्य विमा निरन्तरता १४ जना | ४९ | ३ | महिला स्वास्थ्य स्वयम सेविकालाई सामग्री बितरण | ० | ४९ | ४९ |
| | ३ | वडा कार्यालयमा AC, CCTV Camera जडान, भवन मर्मत, स्टोर रुम तथा साईकल स्ट्याण्ड निर्माण | १००० | ४ | वडा कार्यालय भवनमाथि तला थप | ० | १००० | १००० |
| | ४ | नौगाईया देखि ठुलो गलाहा सडक स्तरोन्नति | १००० | ५ | ठुलो गलाहा देखि नौगाईया सडक स्तरोन्नति | ० | १००० | १००० |
| ११ | १ | मधेशी मुस्लिम लक्षित सिपमुलक तालिम | १०० | १ | ओदारी मस्जिद मर्मत तथा हेण्डपम्प जडान | ० | १०० | १०० |
| | २ | टोल विकास, जन प्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम | १७५ | २ | टोल विकास, जन प्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम | १७५ | -७५ | १०० |
| | ३ | ओदारी गाउ भित्र अधुरो नाली निर्माण तथा ग्राभेल | ५०० | ३ | ओदारी गाउ भित्र अधुरो नाली निर्माण तथा ग्राभेल | ५०० | -२०० | ३०० |
| | | | | ४ | भचना बांध देखि टिकाराम रेग्मीको घर पछाडि कुलो सफाई | ० | १०० | १०० |
| | | | | ५ | रोड विभाग अफिस पछाडिको बाटो स्तरोन्नति | ० | १०० | १०० |
| | | | | ६ | विद्यार्थी / वडाबासी संग वडाध्यक्ष/ जन प्रतिनिधि कार्यक्रम | ० | ७५ | ७५ |
| | १ | गाउं घर क्लिनिक | ५०० | १ | गाउं घर क्लिनिक | ५०० | -३०० | २०० |

| वडा न. | क्र. स. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | २ | कच्चा पदार्थ खरीद | २०० | २ | कच्चा पदार्थ खरीद | २०० | २०० | ४०० |
| | ३ | तेलि औषधी निर्माण स्व | १५० | ३ | तेलि औषधी निर्माण स्व | १५० | १०० | २५० |
| | ४ | लेम बहादुर गुरुंगको घर देखि कृषि बाटो वडा न. ६ भगलापुर | ५०० | ४ | सुठौली चोक द्रोण आचार्यको घर देखि जगदिशपुर जाने सडकको पश्चिम नाली निर्माण | ० | ५०० | ५०० |
| | ५ | अभिभावक शिक्षा संचालन | २०० | ५ | अभिभावक शिक्षा संचालन | २०० | -२०० | ० |
| | ६ | बाल विकास केन्द्र सामग्री सहयोग | ४०० | ६ | बाल विकास केन्द्र सामग्री सहयोग | ४०० | २०० | ६०० |
| | ७ | विशेषा शिक्षाका आयाहरुको लागि प्रोत्साहन | ९० | ७ | विशेषा शिक्षाका आयाहरुको लागि प्रोत्साहन | ९० | -९० | ० |
| | ८ | कक्षा ५ र ८ को परिक्षा संचालन | ४०० | ८ | कक्षा ५ र ८ को परिक्षा संचालन | ४०० | ९० | ४९० |
| | ९ | नेपाल स्काउट सहयोग तथा शिक्षक तालिम | ४०० | ९ | ओदारी मा.वि.मा संचालित नेपाल स्काउटको लागि पोशाक खरीद | ० | २५० | २५० |
| | | | | १० | सामुदायिक विधालयका शिक्षकहरुका लागि स्काउट तालिम | ० | १५० | १५० |
| | १० | गाई/ भैसीको कृतिम गर्भाधानमा संलग्न इन्सेमिनेटरहरुलाई पारिश्रमिक भुक्तानी | ८०० | ११ | कृतिम गर्भाधानमा संलग्न इन्सेमिनेटरहरुलाई पारिश्रमिक भुक्तानी | ८०० | ० | ० |
| | ११ | पशुपंक्षि तथा मत्स्य फार्महरुको तथ्याङ्क संकलन तथा अद्यावधिक | २०० | १२ | पशुपंक्षि तथा मत्स्य फार्महरुको तथ्याङ्क संकलन तथा अद्यावधिक | २०० | ८०० | १००० |
| | १२ | ५० प्रतिशत अनुदानमा मागमा आधारित पशुपंक्षि फर्महरुमा प्रयोग हुने साना यान्त्रिकरणको सामाग्रीहरु खरिद तथा वितरण | ७०० | १३ | ५० प्रतिशत अनुदानमा मागमा आधारित पशुपंक्षि फर्महरुमा प्रयोग हुने साना यान्त्रिकरणको सामाग्रीहरु खरिद तथा वितरण | ७०० | -४०० | ३०० |
| | १३ | खोप खरिद तथा भ्याक्सीनेटरहरुलाई पारिश्रमिक भुक्तानी (भ्यागुते र चरचरे,खोरेत,रेविज,पि.पि.आर रोग विरुद्ध ) | ६०० | १४ | खोप खरिद तथा भ्याक्सीनेटरहरुलाई पारिश्रमिक भुक्तानी (भ्यागुते र चरचरे,खोरेत,रेविज,पि.पि.आर रोग विरुद्ध ) | ६०० | ३०० | ९०० |
| नगर स्तरीय | १४ | पशुपंक्षि उपचार सेवा ( औषधी खरिद) | ७५० | १५ | पशुपंक्षि उपचार सेवा ( औषधी खरिद) | ७५० | १०० | ८५० |

| वडा न. | क्र. स. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | १५ | भूमि आयोग संग सम्वन्धित कामका लागि आवश्यक सामग्री खरीद, मसलन्द, सहायक कर्मचारी सहित नापजाच फिल्ड खर्च र प्रशिक्षण कार्यक्रम | २५०० | १६ | भूमि आयोग संग सम्वन्धित कामका लागि आवश्यक सामग्री खरीद, मसलन्द, सहायक कर्मचारी सहित नापजाच फिल्ड खर्च र प्रशिक्षण कार्यक्रम | २५०० | -१३०० | १२०० |
| | | | | १७ | भु उपयोग समिति, परिषद बैठक व्यवस्थापन | ० | १०० | १०० |
| | | | | १८ | भु उपयोग योजना निर्माण | ० | १२०० | १२०० |
| | १६ | नगर कार्यपालिकाको कार्यालयको प्रवेशद्धार निर्माण | २००० | १९ | १० न. वडा कार्यालयको भवन माथि तला थप | ० | २००० | २००० |
| | १७ | पारिश्रमिक कर्मचारी | २०००० | २० | पारिश्रमिक कर्मचारी | २०००० | १७३५० | २३५० |
| | | | | २१ | औधोगिक प्रोफाईल | ० | ५०० | ५०० |
| | | | | २२ | छाडा चौपाया व्यवस्थापन चालु खर्च | ० | ३५०० | ३५०० |
| | | | | २३ | २ न. वडा कार्यालयको पूर्वाधार निर्माण | ० | २००० | २००० |
| | | | | २४ | ६ न. वडा कार्यालयको पूर्वाधार निर्माण | ० | २००० | २००० |
| | | | | २५ | मधौलिया खानेपानी टंकी देखि पश्चिम खुट्यान जाने सडकमा ह्युमपाईप जडान | ० | १५० | १५० |
| | | | | २६ | ८ न. वडा कार्यालयको पूर्वाधार निर्माण | ० | २००० | २००० |
| | १८ | फर्निचर तथा फिक्चर्स खरीद | ३००० | २७ | फर्निचर तथा फिक्चर्स खरीद | ३००० | ३००० | ६००० |
| | १९ | मेशिनरी औजार | ४००० | २८ | मेशिनरी औजार | ४००० | १००० | ५००० |
| | २० | सेवा र परामर्श सेवा | १००० | २९ | सेवा र परामर्श सेवा | १००० | १००० | २००० |
| | २१ | जेष्ठ नागरिक भवनमा कोठा निर्माण गन्सहवा | २०० | ३० | जेष्ठ नागरिक भवनमा कोठा निर्माण गन्सहवा | २०० | ५०० | ७०० |
| | २२ | साना सिचाई कार्यक्रम | १००० | ३१ | साना सिचाई कार्यक्रम | १००० | १५०० | २५०० |
| | २३ | बहुक्षत्रीय पोषण म्याचिंग | १००० | ३२ | बहुक्षत्रीय पोषण म्याचिंग | १००० | ५०० | १५०० |
| | २४ | होम स्टे संचालनका लागि सम्भाव्यता अध्ययन तथा आधारभुत तालिम | ४०० | ३३ | होम स्टे संचालनका लागि सम्भाव्यता अध्ययन | ० | २०० | २०० |
| | | | | ३४ | होम स्टे संचालनका लागि आधारभुत तालिम | ० | २०० | २०० |

अनुसूची-४

**खानेपानी तथा सरसफाईको क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरुसंग दफादार छलफल गरी तयार गरिएको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०७८ (प्रथम संसोधन प्रस्ताव)**

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| १ | प्रस्तावना | नेपालको संविधानको धारा ५७ (४) मा भएको व्यवस्था र धारा २२६ बमोजिम यस बाणगङ्गा नगरपालिकाको १० औं नगर सभाले यो ऐन पेश गरेको छ। | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र बाणगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४ को दफा ४** बमोजिम नगरपालिकाले यो कार्यविधी बनाएको छ। |
| २ | १ | बाणगङ्गा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७८ | बाणगङ्गा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता **सम्बन्धी** ऐन, २०७८ |
| ३ | २ | बुँदा (क) "अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ। र (ख) "अनुमतिपत्र प्राप्त समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित समिति सम्झनु पर्दछ। | बुँदा (क) र (ख) हटाई क्रम संख्या मिलान गरिएको |
| ४ | २ | (घ) "उपभोक्ता"भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, समिति **वा निकाय** सम्झनु पर्दछ। | (ख) "उपभोक्ता"भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने **व्यक्ति, संस्था र समुदाय** सम्झनु पर्दछ। |
| ५ | २ | (ञ) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई गुणस्तरीय खानेपानी सम्झनु पर्दछ । | (ज) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्याउने गुणस्तरीय अथवा सुरक्षित खानेपानी **सम्बन्धी संघीय मापदण्ड** सम्झनु पर्दछ । |
| ६ | २ | (ट) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, **करेसाबारी**, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ। | (झ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ। |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| ७ | २ (न) थप गरिएको | | (न) "अनुमतिपत्र" भन्नाले बाणगङ्गा नगरपालिकाको खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्न उपलब्ध गराईएको अनुमतिपत्र संझनु पर्दछ। |
| ८ | ९ (१) | (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,<br>(क) नगरपालिका प्रमुख –अध्यक्ष<br>(ख) नगरपालिकामा खानेपानी तथा सरसफाई हेर्ने सदस्य र एक जना महिला सदस्य –सदस्य<br>(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि (नगरभित्र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल भएमा) –सदस्य<br>(घ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि –सदस्य<br>(ङ) खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत संघ समितको एक जना प्रतिनिधि-सदस्य<br>(च) नगरपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख- सदस्य सचिव<br>(छ) नगरपालिकाको खानेपानी तथा सरसफाईको सम्पर्क व्यक्ति –सदस्य सचिव | (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,<br>(क) नगरपालिका प्रमुख –अध्यक्ष<br>(ख) **नगरसभा सदस्यहरु मध्ये कार्यपालिकाबाट मनोनित २ जना सदस्य (१ जना महिला अनिवार्य) –सदस्य**<br>(ग) **खानेपानी तथा सरसफाइ उपभोक्ता नगर महासंघ नेपालको २ जना प्रतिनिधि (१ जना महिला अनिवार्य) –सदस्य**<br>(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मध्येबाट समितिले तोकेको एक जना प्रतिनिधि –सदस्य<br>(ङ) खानेपानी तथा सरसफाई सम्बन्धी १ जना प्राविधिक कर्मचारी-सदस्य<br>(च) स्वास्थ्य क्षेत्रको कर्मचारी १ जना- सदस्य<br>(छ) नगरपालिकाको खानेपानी तथा सरसफाईको सम्पर्क व्यक्ति –सदस्य सचिव |
| ९ | ९ (३) | (३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट नगर प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ। | नियमावलीमा राख्नेगरी यहावाट हटाइएको |
| १० | ९ (४) को सट्टा | (४) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। | (३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| ७ | २ (न) थप गरिएको | | (न) "अनुमतिपत्र" भन्नाले बाणगङ्गा नगरपालिकाको खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्न उपलब्ध गराईएको अनुमतिपत्र सम्झनु पर्दछ। |
| ८ | ९ (१) | (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,<br>(क) नगरपालिका प्रमुख –अध्यक्ष<br>(ख) नगरपालिकामा खानेपानी तथा सरसफाई हेर्ने सदस्य र एक जना महिला सदस्य –सदस्य<br>(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि (नगरभित्र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल भएमा) –सदस्य<br>(घ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि –सदस्य<br>(ङ) खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत संघ समितको एक जना प्रतिनिधि-सदस्य<br>(च) नगरपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख- सदस्य सचिव<br>(छ) नगरपालिकाको खानेपानी तथा सरसफाईको सम्पर्क व्यक्ति –सदस्य सचिव | (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,<br>(क) नगरपालिका प्रमुख –अध्यक्ष<br>(ख) **नगरसभा सदस्यहरु मध्ये कार्यपालिकाबाट मनोनित २ जना सदस्य (१ जना महिला अनिवार्य) –सदस्य**<br>**(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता नगर महासंघ नेपालको २ जना प्रतिनिधि (१ जना महिला अनिवार्य) –सदस्य**<br>(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मध्येबाट समितिले तोकेको एक जना प्रतिनिधि –सदस्य<br>(ङ) खानेपानी तथा सरसफाई सम्बन्धी १ जना प्राविधिक कर्मचारी-सदस्य<br>(च) स्वास्थ्य क्षेत्रको कर्मचारी १ जना- सदस्य<br>(छ) नगरपालिकाको खानेंपानी तथा सरसफाईको सम्पर्क व्यक्ति –सदस्य सचिव |
| ९ | ९ (३) | (३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट नगर प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ। | नियमावलीमा राख्नेगरी यहावाट हटाइएको |
| १० | ९ (४) को सट्टा | (४) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। | (३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| | नयाँ दफा (३) | | |
| ११ | १० | नगरपालिका स्तरीय खनेपनी तथा सरसफाइ समन्वय समितिका काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन्। | समितिका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन्। |
| १२ | १० | (ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने। | (ज) नयाँ संस्था दर्ता गर्दा स्थलगत अनुगमन पश्चात स्वीकृती दिने।<br>(झ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने। |
| १३ | ११ | (२) उपदफा (१) बमोजिमको समन्वय समितिका सदस्य तथा पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछन।<br>(३) वडा सचिवले समितिको सदस्य सचिवको रुपमा काम गर्नेछन्।<br>(४) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। | (२) सम्बन्धित वडा समिति पदाधिकारीमध्ये १ जना महिला सदस्य - सदस्य<br>(३) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख - सदस्य<br>(४) सम्बन्धित वडामा क्रियाशिल खानेपानी सेवा प्रदायक संस्थाबाट १/१ जना - सदस्य<br>(५) वडामा रहेका विद्यालयहरुका प्रधानाध्यपकहरु मध्येबाट वडाध्यक्षले मनोनित गरेको १ जना - सदस्य<br>(६) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव<br>(७) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। |
| १४ | १३ (च) | (च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्ने, मूल्याङ्कन कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुर्नगठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने, | (च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न नगर कार्यपालिकामा पेश गर्ने, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने, |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| १५ | १४ | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न सक्ने: (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि समितिगत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।<br>(२) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन नभएका क्षेत्रमा नगरपालिकाले उपभोक्ता समिति गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।<br>(३) प्रचलित कानून बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन भएमा उपभोक्ता समितिको विधान सहित उपभोक्ता समिति दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता समिति दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी तथा सरसफाई इकाई/शाखाको सिफारिसमा प्रमुख प्रशाकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता समिति दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।<br>(५) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति/समूह/समितिहरु यो ऐन लागु भए पश्चात् यस नगरपालिकामा आफ्नो साविक विधान, दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, गत आवको कर चुक्ता र अन्तिम लेखा परीक्षण प्रतिवेदन पेश गरी उपभोक्ता समिति व्यवासयीक रुपमा समिति दर्ता हुनु पर्नेछ । तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।<br>(६) नगरपालिकामा व्यवसायिक रुपमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भीत्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ । | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न सक्ने: (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि [illegible]तिगत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सक्नेछन् । |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| १६ | १५ | (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनुपर्नेछ।<br>(३) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा क्रमशः दुई कार्यकालमात्र काम गर्न पाउने छ। तर यस प्रयोजनका लागि कुनै अध्यक्षको कार्यकाल क्रमशः नभएमा पुनः थप कार्यकाल अध्यक्षको रुपमा रहन सक्नेछ। | (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ।<br>(३) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा क्रमशः दुई कार्यकालमात्र काम गर्न पाउने छ। तर कुनैपनि व्यक्ति पदाधीकारीको उम्मेदवार हुन समान पदमा २ कार्यकाल भन्दा बढी हुन पाउने छैन। |
| १७ | १७ | (१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ।<br>(क) सामुदायिक खानेपानी प्रणाली<br>(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा) | (१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ।<br>(क) सामुदायिक खानेपानी प्रणाली |
| १८ | २२ | खानेपानी तथा सरसफाइ महसुल निर्धारण: (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।<br>(२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ।<br>(३) दफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि नगर सभाले निर्धारण गरेभन्दा बढी खानेपानी तथा सरसफाइ सेवाको महसुल लिन पाईनेछैन। | खानेपानी तथा सरसफाइ महसुल निर्धारण: (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ।<br>(२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ। |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| १९ | २३ | (३) दफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि नगर सभाले निर्धारण गरेभन्दा बढी खानेपानी तथा सरसफाइ सेवाको महसुल लिन पाईनेछैन । | (२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ । |
| २० | २७ | पूर्वाधारको निर्माण वर्गिकरण:(१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गिकरण गर्नुपर्नेछ ।<br>(क) ठुला आयोजना: १००० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा बर्गिकरण गरिनेछ ।<br>(ख) मझौला आयोजना: **१०० देखि १०००** घर परिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गिकरण गरिनेछ ।<br>(ग) साना आयोजना: १०० भन्दा कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना तथा सामान्य आयोजनामा वर्गिकरण गरिनेछ । | पूर्वाधारको निर्माण वर्गीकरण:(१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ ।<br>(क) ठुला आयोजना: १००० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा वर्गीकरण गरिनेछ ।<br>(ख) **मझौला आयोजना: ५०१ देखि ९९९ सम्म घर परिवार** लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गीकरण गरिनेछ ।<br>(ग) ***साना आयोजना: ५०० भन्दा*** कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना तथा सामान्य आयोजनामा वर्गीकरण गरिनेछ । |
| २१ | २८ (५) | (५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन **खनाई, १०० मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो** पाईप, मिटर तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ । | (५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन खनाई तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ । |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| २२ | ३८ (४) | (४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ। | (४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा सात दिनको समय दिनु पर्नेछ। |
| २३ | ३९(१) र (२) | अनुमतिपत्र दिनुपर्ने :....... अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ।<br>(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ। | अनुमतिपत्र दिनुपर्ने : (१) दफा ३८ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले पन्ध्र दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ।<br>(२) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ। |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| २४ | दफा ५० को सट्टा | नियम बनाउने सक्ने यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ। | ५०. उपभोक्ता समिति विघटन गर्न सक्नेः (१) तोकिएको समयसीमा भित्र साधारणसभा तथा अधिवेशन नगराएमा नगरस्तरीय समितिले उक्त समिति विघटन गर्न कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ। यसरी सिफारिस प्राप्त भएका नगर कार्यपालिकाले सम्बन्धित वडास्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिलाई एक महिना भित्र नयाँ उपभोक्ता समिति गठनको लागि व्यवस्थापनको जिम्मा दिनसक्नेछ।<br>(२) उपदफा (१) बमोजिम विघटन गर्नुपूर्व सम्बन्धित समितिलाई पन्ध्र दिन भित्र पेश गर्ने गरी सफाईको मौका दिन सक्नेछ।<br>(३) वडास्तरीय समितिले आवश्यक ठानी नगरपालिकासँग प्राविधिक सहयोग माग गरेमा नगरपालिकाले आवश्यक कर्मचारी खटाई सहयोग उपलब्ध गराउन सक्नेछ।<br>(४) विघटन पूर्व रहेका कार्यसमितिले आर्थिक हिनामिना गरेको प्रमाणित भएमा सोही समितिबाट असुलउपर गर्न सक्नेछ। |
| २५ | ५१ नयाँ थप | | ५१. खानेपानी बोर्ड गठन गर्न सक्नेः नगरपालिकाले आवश्यक परेमा खानेपानी बोर्ड गठन गर्नसक्नेछ। |
| २६ | ५२ नयाँ थप | | नियम बनाउने सक्नेः यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ। |

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-५

## नगर प्रवक्ता श्री बिष्णुप्रसाद पौडेलद्वारा बाणगङ्गा नगरपालिकाको १४औं नगरसभामा प्रस्तुत भएको समसामयिक तथा सार्वजनिक महत्वका प्रस्तावहरु

नगर सभा अध्यक्ष्य ज्यू, सभा उपाध्यक्ष्य ज्यू, सभाका सचिवज्यू, सम्पूर्ण वडा अध्यक्ष्यज्युहरु, कार्यपालिका सदस्यज्युहरु, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु एवं राष्ट्रसेवक साथीहरुः

अव म यस गरिमामय नगरसभामा बाणगङ्गा नगरपालिकाले प्राथमिकतामा राखि कार्यक्रम गर्नुपर्ने सार्वजनिक महत्वका विषयहरु प्रस्तुत गर्न चाहान्छु ।

**सार्वजनिक महत्वका प्रस्तावहरुः**

१. अन्तर तह समन्वयलाई अझ बढी प्रभावकारी बनाई संघ तथा प्रदेश मन्त्रालयहरुसंग समन्वयलाई अझ बृद्धि गर्दै विकास निर्माणका ठूला तथा अत्यावश्यक योजनाहरुलाई तत्काल कार्यान्वयनमा ल्याउने गरी व्यवस्था गर्न आवश्यक देखिन्छ ।

२. विगतमा नगरको निकै चुनौतीको रुपमा रहेको फोहरमैला व्यवस्थापन हाल मध्येकालिन रुपमा व्यवस्था भएता पनि यसको दिर्घकालिन व्यवस्थापन हुनु अत्यन्त जरुरी छ । यस विषय कहाँ कसरी कार्यान्वयनमा नआएको हो उक्त व्यवस्थापन कार्यलाई सरोकारवालाहरुसंग छलफल तथा अन्तर्क्रिया गरी यसको दीगो समाधान तर्फ जानुपर्छ ।

३. हाल देशभर छाडा गाईको व्यापक समस्या देखिएको छ । यसलाई नियन्त्रण गर्ने ठोस मेकानिजम नबन्दा सम्म बाहिर रहेका सबै गाईवस्तुहरुलाई कुनै निश्चित स्थानमा दाना पानीहरुको व्यवस्थापन गरी गौ संरक्षण गर्नुपर्ने र किसानहरुको बालीनाली नष्ट हुनबाट जोगाउन तत्काल ट्याग लगाई व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४. बाणगङ्गा नगरपालिका देशको ९ (नवौं) बालमैत्री स्थानीय शासन घोषणा भएको नगरपालिका हाम्रो गौरवको विषय हो । यसलाई निरन्तरता दिन हामी सबै किसिमका सूचकहरुको बेलाबेलामा समिक्षा गर्दै जानुपर्छ ।

५. No Home Delivery को लागि नगरपालिकाले उपलब्ध गराएको निशुल्क एम्बुलेन्स सेवा निकै प्रभावकारी देखिएको छ । यसलाई सबै वडाका सबै घरहरुमा यसको सेवा सहितको सम्पर्क हरु स्टीकरको रुपमा उपलब्ध गराउन सके अझ राम्रो हुँदै जानेछ ।

६. समय समयमा हुने शितलहर, खडेरी, आगलागी, बाढी, डुवान जस्ता विपद्का घटनाहरुलाई समयमै कम भन्दा कम क्षेती हुने गरी हुनसक्ने विपद्को तयारी अत्यन्तै आवश्यक देखिएको छ ।

७. हालको स्रोत साधनको प्रयोग गर्दै भविष्यका सन्ततीहरुलाई समेत स्रोत साधनको उपयोगको ग्यारेन्टीको व्यवस्था गर्नु हामी सबैको कर्तव्यहो यसैले वातावरण मैत्री स्थानीय सरकार बनाउनको लागि टोल टोल वडा वडाबाट पूर्ण वातावरण युक्त समुदाय, टोल, वडा घोषणाको लागि कार्यक्रमहरु ल्याउन अत्यावश्यक देखिन्छ ।

८. पोषणमा लगानी गर्नुनै सवै पक्षको दीर्घकालिन विकासको जड हो त्यसैले हामीले पोषण मैत्री नगरपालिका घोषणाको लागि आवश्यक सबै सूचकहरुको समिक्षा गर्दै कार्यक्रम अगाडी बढाउनुपर्ने हुन्छ ।

९. DPR तयार गरी लामोसमयसम्म बजेटको व्यवस्था गर्न नसक्दा DPR मा गरिएको लगानी खेर जाने धेरै वर्षको अन्तरालमा उक्त DPR पुन Revised गर्नुपर्ने भएकोले DPR निर्माण भएका त्यस्ता योजनाहरुलाई नगरको योजनाबैंकमा अनिवार्य समावेस गरी प्राथमिकताका साथ कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ।

१०. हाल नगर तथा वडा र अन्तर्गतका संस्थाहरुमा सबै किसिमका कार्यहरुको लागि सूचना प्रविधिमा आधारित सफ्टवेयरहरु जडान गरी प्रयोगमा ल्याउँदै आएको छ यसलाई एकद्वार प्रणालीबाट सबै डिजिटल कार्यहरु संघीय सफ्टवेयरहरु प्रयोग गरी एकद्वार प्रणाली कायम गर्नु आजको आवश्यकता छ।

११. बढ्दो प्रविधिको उपयोगका कारण जनप्रतिनिधि एवं कर्मचारीहरु प्रविधिमा अनविज्ञ नहोउन भन्ने उद्देश्यका साथ समय समयमा प्रविधि प्रयोग सम्बन्धी प्रशिक्षण जस्ता कार्यक्रमहरुको आयोजना गर्नुपर्नेछ।

बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगङ्गा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

बिष्णु प्रसाद पौडेल
नगर प्रवक्ता

२

अनुसूची-६

## बाणगङ्गा नगरपालिकाको १४औं नगरसभामा नगरसभा सदस्यहरुले सभाको शुन्यान्तर समयमा राखेका भनाईहरु

**चुरामणी अर्याल (वडा सदस्य - वडा नं. ९)**

- अटोरिक्सा / ई-रिक्सा नविकरण , दर्ता सम्बन्धी संशोधनको दररेट सम्बन्धमा प्रत्येक वडामा अटोरिक्सा/ई-रिक्सा संचालन भएका छन् । उनीहरुले मनपरी भाडा लिएका छन् । यिनीहरुको सहि सदुपयोग नगरिकन दररेट बढाएमा उनीहरुले भाडा पनि बढाउँछन् । त्येसैले त्यो त्यति उचित हुँदैन कि ।
- वडा नं. ९ को प्रस्तावित वडा कार्यालय भवन निर्माणस्थलमा माटो पटान र वाल निर्माणको जग्गा सम्बन्धमा प्रष्ट पारिदिनुपर्‍यो । वडा कार्यालयको भवन गराउने कार्य सार्वजनिक छलफलको विषय बनाउनु पर्दछ ।
- नगरका कार्यहरु केन्द्रबाट मात्र निर्देशित भए बमोजिम संचालन भए कि । नगरले माथिको केन्द्र सरकारले जे दिन्छ त्यहि मात्र गरिरहेका छौंकि । हामीले हाम्रै स्थानीयस्तरमा योजना बनाउने तर्फ सोच्ने होकि ।
- अहिलेको अवस्थामा ढुंगा, गिटी, बालुवाको करको दर बढाउनु त्यति उपयुक्त छैन कि ।
- वन ऐन बमोजिम नगरपालिकामा १० प्रतिशत सामुदायिक वनले बुझाउनुपर्ने भएकोमा उपभोक्ताहरु नै मारमा पर्दछन् कि । उनीहरुले सहुलियत दरमा काठ नपाउने हुन् कि ।
- समग्रमा यो आर्थिक संकटको अवस्थामा नगरले कृषि लगायत अन्य क्षेत्रमा केहि सहुलियत दिएको छ है भन्ने जस्ता योजना राख्न सकेमा राम्रो हुने थियो कि ।
- खोजिपुर सामुदायिक वनको छेउमा माटो पटान सम्बन्धमा उल्लेख गर्नुपर्ने ।

**ज्ञान बहादुर कार्की (वडा सदस्य - वडा नं. ५)**

- विनियोजित बजेटको सन्दर्भमा तेह्रौ नगरसभाबाट विनियोजित बजेटमा आवश्यकतानुसार हेरफेर मात्र भएको हो । यस सम्बन्धमा मिडिया, क्यामेराको अगाडि उभिएर केहि भन्नु छैन । यो कार्यपालिकाको बैठकबाट छलफल भई आएको विषय हो ।
- बा.न.पा. वडा नं. ५ को भवन निर्माणमा फर्निसिङ्गको काम बाँकी रहेको छ । यसको लागि केहि बजेट विनियोजन गरिदिनुपर्‍यो ।
- बाणगङ्गा नदी क्षेत्रको सिमाना कपिलवस्तु नगरपालिकासँग विवादित भईरहेकोले नगरस्तरीय वार्ताको माध्यमबाट सुल्झाउनुपर्ने देखिन्छ । नगरसभा मार्फत समाधानको मार्ग खोजियोस् ।
- सार्वजनिक महत्वको प्रस्तावमा धैरै प्रस्ताव आएका छन् ।
- जिल्लामै हरियाली प्रवर्द्धन कार्यक्रम Natural System बाट कृषि उत्पादन, एक सदस्य एक गाईको Concept शुरु गर्न थालिएको छ । जसमा एउटा सदस्यले एउटा गाई पाल्ने अभियानले सहजता देखिनेछ । यसबाट नगरपालिका भित्रकै गाईको व्यवस्थापन हुने हुँदा नगरपालिकाबाट केहि सहयोग भएमा राम्रो हुने थियो ।

- अर्को कुरा मैले पटक पटक उठाएको हाट बजारको विषय जसमा केहि सम्बोधन त भएको छ। तर पनि हाटबजारबाट निस्कने फोहोर त्यहि जम्मा गर्ने र जलाउने गर्दा वरिपरि प्रदुषण बढेको छ। फोहोरको गाडीले हाट बजारको फोहोर नउठाउने र अरु कसैले पनि फोहोर नउठाउने गर्दा अलि समस्या आएको छ। मंगलबारको दिन उद्योग वाणिज्य संघबाट बजार क्षेत्र बन्द हुने हुँदा फोहोरको गाडी जाँदा सबैको फोहोर उठ्दैन र पैसा तिर्न पनि छोडिसकेका छन्। ६/६ महिनाको अन्तरालमा रोटेसन गरिदिदा उपयुक्त हुन्थ्यो कि।

**टोपकला वि.सी. (वडा सदस्य - वडा नं.- १)**

- हामीहरुले संशोधन गर्ने बुक वा विषय केहि समय अगाडि नै प्राप्त गर्न पाए पारदर्शी हुने थियो कि। यो त हतारको विषय भएन र ?
- जनप्रतिनिधिहरु योजना बनाउने क्रममा अग्रज, विशिष्ट व्यक्तिहरुलाई सँगै राखेर एक हप्ता अगाडि हलमा ल्याईएमा राम्रो हुने थियो कि। हामीले त त्यत्तिकै ताली मारिएको छ कि जस्तो लाग्छ।
- न्यायिक समितिमा वडा वडामा केहि काम नभएको जस्तो लाग्छ। वडामा एउटा पनि बैठक बस्न सकेको छैन।
- विभिन्न योजनाका कामहरु नगरले लुकेर गरे जस्तो लाग्छ। यो त केटाकेटीको खेलखेलाई जस्तो भएन र।
- सार्वजनिक महत्वका विषयमा समेत छलफल चलाउन सकिएको छैन।
- विमा गरेका गाई समेत छाडा भएका छन्। कसरी नियन्त्रण गर्न सकिन्छ ?

**झिमलाल सापकोटा (वडा सदस्य - वडा नं. २)**

- छाडा चौपायाको व्यवस्थापनको विषय राम्रो अर्थात् जायज हो। तर मेरो मनमा खट्किएको विषय गाईको बन्ध्याकरण गर्ने व्यवस्था नगरपालिकाबाट भए राम्रो हुने थियो कि।

**हरिशंकर पौडेल (वडा सदस्य - वडा नं. ७)**

- प्रति वडा १५ लाखका दरले वितरण गरिएको देखिन्छ। त्यस्ता योजना कसले प्रस्ताव गर्ने हो ? बुझ्न सकिएन।